सवारीसाधन व्यवस्थापनका लागि अनुरोध

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारी साधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन २५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 08 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८९

## बैंकबाट अवकाश पाएपछि व्यावसायिक ड्रागनफ्रुट खेती

प्रस, परवानीपुर, २४ फागुन/

बारा जिल्लाको दक्षिणी भेगमा पनि ड्रागनफ्रुटको व्यावसायिक खेती शुरू भएको छ। उत्तरी भेग निजगढ र सिमरामा ड्रागनफ्रुटको खेती शुरू भए तापनि विश्रामपुर गाउँपालिका-५ नकटुवामा यसको खेती भइरहेको छ।



एक वर्षदेखि प्रसौनी गाउँपालिका-१ बस्ने मन्त्रीलाल गुप्ताले यो खेती शुरू गरेका छन्। ५४ वर्षीय गुप्ता प्रभु बैंकको पूर्व प्रदेश प्रमुखसमेत हुन्। २८ वर्ष दुई महीना बैंकिङ क्षेत्रमा बिताएका गुप्ताले स्थानीयस्तरमा कृषिउपज उत्पादन गर्न र रोजगार सिर्जना गर्न नयाँ खेतीको रूपमा ड्रागनफ्रुटको खेती शुरू गरेका हुन्।

एमए, एमबिएस र एलएलबीको शिक्षा हासिल गरेका गुप्ताले दुई बिघा क्षेत्रफलमा ड्रागनफ्रुट लगाएका छन् भने १३ कट्ठामा कुरिलो पनि रोपेका छन्। १३ कट्ठा आफ्नो जग्गा र बाँकी भाडामा लिएर उनले खेती शुरू गरेका हुन्। उनले ड्रागनफ्रुट र कुरिलो खेतीमा तीन करोड रुपैयाँ लगानी लागेको बताए। जसमा उनको व्यक्तिगत र ग्लोबल आइएमई बैंकबाट ऋण लिएका छन्।

दैनिक १०-१२ घण्टा खेतमा काम गर्ने गुप्ताले भने, "कम समयमा बढी मूल्यको उत्पादन उब्जाएर कृषिमा आकर्षण थप्न सकिने र मधेसको हावापानी सुहाउँदो ड्रागनफ्रुट र कुरिलो उपयुक्त बाली भएकोले खेती गरेको हुँ।"



उनले खेती गर्नुअगाडि धनुषामा एकजना किसानले गरेको ड्रागनफ्रुटको खेतीको अध्ययन, अवलोकन, लगाउने सिजनलगायतका बारेमा अध्ययन गरेका थिए। ड्रागनफ्रुट अहिले नेपाली बजारमा प्रतिकिलो रु ६०० मा बिक्री हुन्छ भने कुरिलो प्रतिकिलो रु १५००-१८०० मा बिक्री हुन्छ। आगामी असारदेखि फल फल्न शुरू गर्ने ड्रागनफ्रुटको उत्पादन शुरू भएपछि पहिलो वर्षमैं करीब ३०-५० लाख आम्दानी हुने उनी बताउँछन्। साथै उनले ड्रागनफ्रुटको नर्सरी पनि शुरू गरी एउटा ड्रागनफ्रुटको बिरुवा रु १५० मा बिक्री गरिरहेका छन्। अहिलेसम्म उनले १२ जना स्थानीयलाई रोजगार दिएका छन्।

## वडाध्यक्षसहित चारजनाविरुद्ध मुद्दा दायर

प्रस, वीरगंज, २४ फागुन/

बारा, पचरौता नगरपालिका-४ का अध्यक्ष कन्हैयालाल यादवले गलत तरीकाबाट बाटो सिफारिश गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालले मुद्दा दायर गरेको छ।



वडाध्यक्ष कन्हैयालाल यादव

आयोगले जारी गरेको प्रेस विज्ञप्ति अनुसार वडाध्यक्ष यादवले कालोपत्रसँग जोडिएको जग्गा खेत रहेको भनी बाटो सिफारिश गरी लाखौं रुपैयाँ राजस्व हिनामिना गरेको स्थानीयले उजूरी गरेका थिए। पचरौता नपा-४ (साबिक बेलदारी गाविस वडा नं ४)को किता नं १७३ क्षेत्रफल ०-९-५ जग्गा विद्या यादवको थियो। सो जग्गा स्थानीय अवधकिशोर यादव र बृजकिशोर यादवले मालपोत कार्यालय, बाराबाट संयुक्त पुर्जा बनाइ राजीनामा पास गर्न सिफारिश गरेका थिए।

विवादित जग्गा ३० फिटको कालोपत्र सडकसँग जोडिएको जग्गा हो। तर राजस्व हिनामिना गर्ने उद्देश्यले वडाध्यक्ष यादवले सो जग्गा खेत भएको भन्दै २०८० वैशाख १८ गते बाटो सिफारिश गरेका थिए।

अहिले सो जग्गाको मूल्य एक करोडभन्दा बढी रहेको तर वडाध्यक्ष यादवले नौ लाख मूल्याङ्कन गरी राजस्वको रकम हिनामिना गरेको देखिन्छ। अख्तियारले वडाध्यक्ष कन्हैयाले बाटो सिफारिशमा आठ लाख ११ हजार ९५१ रुपियाँ राजस्व हिनामिना गरेको भन्दै असुलउपर गर्न कारबाईको लागि सिफारिश गरेको छ।

त्यसैगरी, जग्गा बिक्री गर्ने विद्या यादवमाथि पाँच लाख ३४ हजार १८७ लाभकर छलेको, जग्गा खरीदकर्ता बृजकिशोर यादव र अवधकिशोर यादवले दुई लाख ७७ हजार ४६३ रजिस्ट्रेशन दस्तुर छली गरेको भन्दै उनीहरूमाथि पनि आरोपपत्र दायर गरेको छ।

## कालिकामाई गापा प्रमुख प्रशासकीय अधिकृतविहीन

प्रस, पोखरिया, २४ फागुन/




कालिकामाई गाउँपालिका कार्यालय तीन सातादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन छ।

प्रमुख प्रशासकीय अधिकृत नमोनाथ यादवको यही फागुन ४ गते सरुवा भएपछि उनको स्थानमा अहिलेसम्म अर्को प्रमुख प्रशासकीय अधिकृत बहाल भएको छैन। प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिले गापाका कामकारबाई प्रभावित भएका छन्। ठेकेदारहरूले भुक्तानी पाउन ढिला भएर विकास निर्माण कार्यहरू ठप्प पारेका छन्। गापामा रहेका स्वास्थ्य चौकीहरूमा औषधि अभाव भएको छ।

प्रमुख प्रशासकीय अधिकृत नभएका कारण औषधि खरीद प्रक्रिया अगाडि बढ्न नसकेको गापाध्यक्ष वशिष्ठकुमार गुप्ताले बताए। उनले यसअघि पेश्की र उधारोमा औषधि खरीद गर्दा उजूरी परेर समस्या भएकोले प्रमुख प्रशासकीय अधिकृतको बहालीका लागि प्रयास भइरहेको र उनको आगमनपछि मात्र औषधि खरीद हुने बताए।

प्रमुख प्रशासकीय अधिकृत नभएका कारण अहिले कर्मचारीहरू पनि पूरा समय ड्युटी गरिरहेका छैनन्।

सेवाग्राहीहरू प्रमुख प्रशासकीय अधिकृतबाट हुने सेवा नपाएर फर्किने गरेका छन्।

## कालिकामाईमा दादुरा-रुबेला खोपको लागि अभिमुखीकरण

प्रस, पोखरिया, २४ फागुन/

कालिकामाई गाउँपालिका कार्यालयमा बिहीवार दादुरा-रुबेला खोप अभियानसम्बन्धी पालिकास्तरीय एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा स्वास्थ्य शाखाका प्रमुख योगेन्द्र चौरसियाले दादुरा-रुबेला मानिसको शरीर बाहिर र भित्र जुन पनि भागमा लाग्ने भएकोले यो रोगविरुद्ध देशैभरि खोप अभियान सञ्चालन भइरहेको बताए। विशेषगरी यो रोग नौ महीनादेखि १५ वर्ष उमेर समूहका बालबालिकामा देखा पर्ने भएकोले खोप अभियान शुरू गरिएको बताए।

कालिकामाई गापामा १० हजार ५०० बालबालिकाहरूलाई यो खोप लगाइने लक्ष्य रहेको उनले बताए। फागुन २७ देखि चैत ५ गतेसम्म सञ्चालन हुने यो अभियानबारे प्रत्येक वडामा टोली परिचालन गरी प्रचारप्रसार गर्न उनले आग्रह गरे।

यो खोपसँगै पाँच वर्षमुनिका अन्य खोप लगाउन बाँकी रहेका




बालबालिकाहरूलाई पनि छुटेका खोप लगाइने चौरसियाले बताए। यो खोप फागुन २७ गतेदेखि पकहामैनपुर, धोबिनी, छिपहरमाईमा पनि सञ्चालन हुन्छ।

गापाध्यक्ष वशिष्ठकुमार गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष जयनारायण कुर्मी, ग्रामीण पत्रकार समाजका अध्यक्ष धर्मेन्द्र चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा उपाध्यक्ष लालमती देवी, वडाध्यक्ष, बोर्ड सदस्य, स्वास्थ्यकर्मी लगायतको सहभागिता थियो।

## अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा शान्ति र्‍याली

प्रस, वीरगंज, २४ फागुन/

११४औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आमा नेपाल फाउन्डेशनले बिहीवार प्रभातफेरि तथा शान्ति र्‍याली निकालेको छ।

'महिलामा लगानी: सभ्य र समुन्नत समाजको थालनी' नाराका साथ निस्किएको र्‍यालीमा वीरगंज नर्सिङ क्याम्पस, हरि खेतान बहुमुखी क्याम्पस, सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र बिर्ताको सहभागिता थियो।

बिर्ता मन्दिरबाट निस्किएको र्‍याली नगरपरिक्रमापछि पुनः सोही ठाउँमा पुगेर कोणसभामा परिणत भएको थियो। कोणसभामा सहभागीहरूले महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि महिलामा लगानीको सुनिश्चितता गर्नुपर्ने बताएका थिए।




तस्वीर: प्रतीक

र्‍यालीपछि वीरगंज नर्सिङ क्याम्पसको परिसरमा वृक्षारोपण गरिएको थियो। फाउन्डेशन, वीरगंजकी अध्यक्ष प्रमिता मानन्धरले प्रत्येक रूखलाई लैङ्गिक समानताको प्रगतिको प्रमाण बनाउनुपर्ने बताइन्।

कार्यक्रममा अन्नपूर्ण मानन्धर, वीरगंज महानगरपालिकाकी कार्यपालिका सदस्य राधा कार्की, वीरगंज नर्सिङ क्याम्पसकी प्रमुख डा कल्पना पौडेल, सन्तोषकुमार श्रेष्ठ, सामुदायिक सेवा केन्द्र बिर्ताका अध्यक्ष मजिद मियाँ, प्रतिमा सिंह, रानी रायलगायतको सहभागिता थियो।

## पत्रकार नेहाल खानको अन्त्येष्टि



प्रस, वीरगंज, २४ फागुन/

वीरगंजका पत्रकार नेहाल खानको बुधवार राति १०:३० बजे निधन भएको छ। केही समयदेखि श्वासप्रश्वाससम्बन्धी समस्याले पत्रकार खान बिरामी थिए।

हिजो राति १०:३० बजे वीरगंज हेल्थकेयर अस्पतालमा उपचारको क्रममा उनको निधन भएको हो। नेपाल टेलिभिजनको वीरगंज संवाददाता रहेका खान नेपाल पत्रकार महासङ्घ, पर्साको साधारण सदस्य, प्रेस चौतारी र मुस्लिम पत्रकार सङ्घमा आबद्ध थिए।

उनको बिहीवार मुस्लिम परम्परा अनुसार वीरगंज-३ पानीटङ्कीस्थित कब्रिस्थानमा अन्तिम संस्कार गरिएको थियो। स्व खानलाई नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारी, प्रदेश महासचिव श्याम बन्जारा, प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी भण्डारी, मुस्लिम पत्रकार सङ्घका अध्यक्ष मन्सुर खानले संस्थाको झन्डा ओढाएर सम्मान गरेका थिए।

## विचारसार र सूक्तिहरू

**तीतो सत्य–जबसम्म तपाईं काम लाग्नुहुन्छ, मानिसले चिन्नेछन् । दियो बालेपछि सलाईको काँटी त फालिने नै हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# सेवा सरल हुनुपर्‍यो

**जिल्ला प्रशासन कार्यालय पर्सामा सेवाग्राहीहरूले अहिलेसम्म सहज सेवा पाउने अवस्था बनिसकेको छैन । कार्यालयको भौतिक संरचनामा परिवर्तन भएपनि सेवामा भने पुरानै ढर्रा अपनाइँदै आएका कारण सेवा सरल, सहज हुनै सकेको छैन। नागरिकता, नाता प्रमाणित, राहदानी, राष्ट्रिय परिचयपत्र, मतदाता नामावली जस्ता आमजनताको प्रत्यक्ष सरोकार रहने सेवाहरू सरल, सहज हुन सकेका छैनन् । ठूलो सङ्ख्यामा दैनिकरूपमा जिल्लाभरि १४ पालिकाका मानिसहरू यी सेवाका लागि जिल्ला प्रशासन कार्यालय, पर्सामा आउँछन् । करीब ६३ किलोमिटर टाढा ठोरी गापादेखि सेवा लिनका लागि जिप्रका, पर्सामा आउनुपर्ने बाध्यकारी अवस्थामा पनि सेवा सहज हुन सकेको छैन। जगरनाथपुर, ठोरी, जीराभवानी र पटेर्वासुगौली गरी चार पालिकाका मानिसहरूलाई जिप्रका, पर्सा रहेको वीरगंजसम्मको दूरी तय गर्न नपरोस् भनेर केही वर्षअघि जगरनाथपुरको सुपौलीमा इलाका प्रशासन कार्यालय सञ्चालनमा ल्याइएको थियो । तर अधिकृत तहका कर्मचारी अभावमा इप्रका, सुपौलीको सेवा प्रभावकारी हुनै सकेन र अहिले त्यहाँका मानिसहरू पनि वीरगंज धाइरहेका छन् ।**

**छिमेकी बाराको कलैयामा जिल्ला प्रशासन कार्यालय स्थापना छ भने विभिन्न चारवटा पालिकामा इलाका प्रशासन कार्यालय सञ्चालन गरी सेवा प्रभाव गरिंदै आएको छ । जिल्लाका दूरदराज पालिकाहरूबाट सेवाका लागि सदरमुकाम आउनु नपरोस् भन्ने अभिप्रायले चार स्थानमा इप्रका सञ्चालनमा ल्याइएको हो । यो काममा स्थानीय नेताहरूको सक्रियतालाई नकार्न सकिंदैन । तर पर्सा जिल्लाका नेताहरूमा यस प्रकारको चासो देखा परेकै छैन । चारवटा संसदीय क्षेत्रबाट निर्वाचित सांसदहरू, आठवटा प्रदेशसभा सदस्यहरू र स्थानीय तहका पालिका प्रमुखहरूको उठबस वीरगंज केन्द्रित भएकाले उनीहरूले ग्रामीण क्षेत्रका मानिसहरूको दुःख, कष्ट, पीडा ग्रहण गर्नै सकेका छैनन् । जिप्रका, पर्सामा आउने सेवाग्राहीहरूलाई सहज सेवा प्राप्त हुँदैन । उनीहरू नागरिकता, राहदानी, नाता प्रमाणित, राष्ट्रिय परिचयपत्रका लागि कति दिन धाउनुपर्ने हुन्छ । यस्तोमा उनीहरूको बसाइ, खवाइमा कति खर्च हुन्छ र यो खर्च गर्ने हैसियत नभएकाहरूको थप पीडाका बारेमा कसैले सोचेको छैन । अहिले जिप्रका, पर्सामा अनलाइनमार्फत सेवाप्रवाह भइरहेको छ । तर सो सेवा सबैले सामान्य तरीकाबाट पाऊन् भन्ने ध्येय भने राखिएको छैन । आवदेन भर्नका लागि अरूको भर पर्नेहरू त्यत्तिकै ठगीका शिकार भइरहेका छन् । आवेदन भरेर टोकन लिएकाहरू सातासम्म कुर्नुपर्छ ।**

**एक सातापछि सेवा लिने अवसर प्राप्त हुँदा कर्मचारीहरूले यो मिलेन, त्यो मिलेन भनेर थप कागजातहरू माग गर्दा सेवाग्राहीहरूलाई सास्ती हुन्छ । जिप्रका, पर्साबाट प्रदान गरिने सेवाहरू कसरी प्रभावकारी बनाउने, आममानिसहरूले कसरी सरल, सहज सेवा पाउन सक्छन् भन्नेतर्फ कार्यालय प्रमुख, स्थानीय नेताहरूको सरोकारको विषय बन्न सकेको छैन । मासिकरूपमा कार्यालय प्रमुखहरूको बैठक बस्छ । सरकारी कार्यालयहरूबाट दिने सेवासुविधा कसरी सरल, सहज बनाउने भन्नेबारेमा बहसबाजी पनि गरिन्छ तर त्यसलाई लागू भने गरिंदैन । मासिकरूपमा कार्यालय प्रमुखहरूको बैठक प्रभावकारी देखिएको छैन । यसको साटो सेवाप्रभावमा समस्या देखिएका कार्यालय प्रमुखहरूसँग बैठक गरेर सेवा कसरी सरल, सहज गर्न सकिन्छ भन्ने बारेमा रायसुझाव लिएर त्यसतर्फ अमल गर्दा राम्रो हुन सक्छ ।**

# प्रतिपक्षमा बस्ने पालो अब काङ्ग्रेसको

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**नेपालमा संविधान संशोधन आवश्यक छ । पाँच वर्षसम्म संसद् चल्नैपर्ने प्रावधान समाप्त हुनु आवश्यक छ । सत्ता समीकरण परिवर्तनले देश र जनताको अवस्थामा कुनै परिवर्तन ल्याउने छैन । अब एक वर्षसम्म प्रतिपक्षमा बस्ने पालो काङ्ग्रेसको आएको छ ।**

एक वर्षअघि राष्ट्रपति पदको निर्वाचनमा भत्किएको एमाले–माओवादी सत्ता गठबन्धन एकाएक ब्युँतिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमवार नेपाली काङ्ग्रेसलाई सरकारबाट विस्थापित गरी नेकपा एमालेलाई भित्र्याएका छन् । ठीक यसरी नैं एक वर्ष अघि पनि उनले नेकपा एमालेलाई विस्थापित गरेर नेपाली काङ्ग्रेसलाई सरकारमा भित्र्याएका थिए । इमानदारी, नैतिकता, चरित्र, सुशासन र पारदर्शिताको कुरा गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी अस्तित्वमा आएको डेढ वर्षभित्र दोस्रोपटक सरकारमा सामेल भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको सैद्धान्तिक धरातल के हो ? उसको आर्थिक, सामाजिक र राजनीतिक चिन्तन अज्ञात छ, तर पार्टी स्थापना भएको डेढ वर्षभित्रै विशुद्ध वामपन्थी सरकारमा दुईपटक यो पार्टी सहभागी भएको देखिन्छ । कतिपयले यसलाई वामपन्थी सरकारको संज्ञा दिएका छन् तर नेपालको राजनीतिमा काङ्ग्रेसको पनि वामपन्थीकरण र वामपन्थी दलको पनि काङ्ग्रेसीकरण भइसकेको कारण अब विचारधाराको महत्त्व रहेन । मधेसी दलहरू सबै तरकारीमा मिसाउन सकिने चना अथवा आलु चरित्रका भएका छन् । तसर्थ मधेसी दलहरू पनि सरकारमा सहभागी हुने सम्भावना देखिन्छ । एक वर्षमैं दोस्रोपटक प्रतिपक्षमा बस्ने अवसर नेपाली काङ्ग्रेसलाई प्राप्त भएको छ ।

सङ्घीय सरकारको सत्ता र समीकरण फेरिएसँगै नेपाली काङ्ग्रेसले पनि आफ्नो नेतृत्वको दुईवटा प्रादेशिक सरकारबाट माओवादीका मन्त्रीलाई बर्खास्त गरेको छ । माओवादीले नै शुरूमा काङ्ग्रेसलाई सङ्घीय सरकारबाट बर्खास्त गरेको थियो । सबैभन्दा रोचक अवस्था कोशी प्रदेशको छ । कोशी प्रदेशका मुख्यमन्त्री पद सिस्नोको पात साबित भइरहेको छ । कसैले पनि स्पर्श मात्र गर्ने प्रयास गर्‍यो भने मध्यावधि चुनावमा जानुको विकल्प हुने छैन । सत्ता नै राजनीतिको अभीष्ट भएपछि परिणाम यस्तो आउनु अपेक्षित हो । नेपाली जनता पनि कम जिम्मेवार छैन । लुतो पालेर कन्याउँदै आनन्दको अनुभूति गर्ने तर रगत बग्न थालेपछि रुनु–कराउनुको के अर्थ ?

नेपालको संविधान २०७२ को निर्माण केवल देशका ठूला राजनीतिक दलहरूको सिन्डिकेटमुखी राजनीतिलाई वैधानिकता प्रदान गर्ने उद्देश्यले भएको हो । सदनमा बहुमतप्राप्त दलको नेताले संसद् विघटन गर्न नसक्नु र संसदीय बहुदलीय व्यवस्थामा कुनै एक सांसदले प्रधानमन्त्री तथा मुख्यमन्त्री बन्न सक्ने प्रावधान संविधानमा राखिनु प्रस्टरूपमा सत्ता लोलुपताको द्योतक हो । संसदीय व्यवस्थामा आफ्नो दलको एक्लो बहुमतबाट विधेयक पारित गराउन नसक्ने दलको नेतृत्वमा सरकार गठनको प्रावधान राख्नु संविधान निर्माताहरूको अयोग्यताको प्रतीक हो, अदूरदर्शिता र अक्षमता हो । नेकपा माओवादी केन्दले संविधानसभामार्फत देशमा नयाँ संविधान निर्माणका लागि हतियार उठाएर एक दशकसम्म सशस्त्र सङ्घर्ष गर्‍यो । माओवादीको सशस्त्र सङ्घर्षका कारण १७ हजार नेपालीले ज्यान गुमाए । नेपाली जनताले माओवादीमाथि विश्वास गरी संविधान निर्माणका लागि बहुमत पनि दिएको थियो । मधेसी दलहरूको पनि सहयोग र समर्थन उसलाई प्राप्त थियो तर माओवादीलाई संविधान चाहिएको थिएन, उसलाई सत्ता चाहिएको थियो । शायद त्यही भएर होला न माओवादी, न मधेसी दलले नै संविधान निर्माण कार्यलाई प्राथमिकतामा राखे । नेपाली काङ्ग्रेस र नेकपा एमालेको नेतृत्वमा बनेको संविधानमा माओवादी किनारासाक्षी मात्र बस्यो । विगत ६/७ वर्षमा माओवादीले प्राप्त गरेको सत्तासुख प्राविधिक कारणले हो, जनादेशले होइन । माओवादीले विगत सात वर्षमा आफू अनुकूल एउटा पनि विधेयक ल्याउन सकेन, जसले देशका गरीब, मजदूर, सर्वहारा, दलित र उपेक्षित वर्गको सामाजिक र आर्थिक स्तरमा सुधार हुन सकोस् । माओवादी पनि अन्य दलहरूजस्तै भएको छ । मधेसी दलहरूको अवस्था देशका ठूला राजनीतिक दलहरूको कमैया–मजदूर जस्तो भएको छ ।

नेपालको संविधान २०७२ मा समानुपातिक निर्वाचन प्रणालीलाई अनिवार्य गरिएको कारण नेपालमा अब कुनै एउटा दलले चुनावमा बहुमत पाउने अवस्था रहेन । नेपाली काङ्ग्रेसले आफ्लाई सत्ताको स्वाभाविक हकदार मान्दै आएको छ र यसै सोचले ऊ राजनीति पनि गर्दै आएको छ । गाउँघरका पुराना जमीनदारले आफूसामु कुनै गरीबका छोराछोरीले राम्रो लुगा लगाएको, मीठो खाएको र राम्रो गाडीमा चढेको हेर्न नसकेजस्तै नेपाली काङ्ग्रेस पनि अन्य दलले सरकारको नेतृत्व गरेको अथवा सत्तासुख भोगेको कुरा सहन सक्दैन । नेपाली काङ्ग्रेसको महासमिति बैठकले एक्लै चुनाव लड्ने घोषणा गर्नु यसैको सङ्केत थियो । पार्टीका महामन्त्री र युवा नेता गगन थापाको पार्टीमा आवश्यकताभन्दा बढी महिमा मण्डन भएको छ । गगन थापालाई कतिपयले पार्टीको भावी नेता तथा करिश्मा गर्न सक्ने महापुरुष ठानिरहेका छन् । विगत केही वर्ष यतादेखि नेपाली काङ्ग्रेस पार्टीमा प्रथम पङ्क्तिकै कतिपय नेताहरू ओझेलमा परेका छन् । प्रकाशमान सिंह, विमलेन्द्र निधि, अर्जुन नरसिंह केसी, डा रामशरण महतहरू उपेक्षित छन् । शेखर कोइराला पनि स्वयं नै हस्तक्षेप गरेर अगाडि बढेका छन् । पार्टी अहिले आधा दर्जनभन्दा बढी गुटमा विभाजित छ । गुटबन्दीकै कारण कोशी प्रदेशमा गठबन्धनका मुख्यमन्त्रीका आधिकारिक उम्मेदवारहरूले पराजय भोग्नुपर्‍यो भने राष्ट्रियसभाको निर्वाचनमा माओवादी प्रत्याशी पराजित भए र यो गठबन्धन पनि भत्किन पुगेको हो । कृष्णप्रसाद सिटौला राष्ट्रियसभाको अध्यक्ष बन्न नसक्नु कमोबेस नेपाली काङ्ग्रेसभित्रको आन्तरिक गुटबन्दी कै कारण हुन सक्दछ ।

राजनीतिमा कुर्सी भनेको सिंहको सवारी हो । शुरूमा सवारी गर्न गाह्रो, सवार भएपछि ओर्लन गाह्रो । किनभने त्यहाँबाट हट्नेबित्तिकै त्यो ठाउँले नै आफूलाई खाइदिने डर हुन्छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' आफ्नो यस कार्यकालमा एकपछि अर्को साहसी निर्णय गर्ने प्रयास गरेका छन् । यद्यपि उनले चालेका पाइला लक्ष्यसम्म पुग्न सकेन तर उनले आफ्ना विरोधीको सङ्ख्या अवश्य बढाएका छन् । नेकपा माओवादीलाई सत्य निरूपण तथा मेलमिलाप विधेयक पारित गराउनु अपरिहार्य भएको छ । जबसम्म यो विधेयक पारित हुँदैन, जनयुद्धकालीन मुद्दाको छिनोफानो लाग्ने छैन । नेकपा माओवादी केन्द्रको यो कमजोर कडी नेपाली काङ्ग्रेस र एमालेलाई पनि थाहा छ । नेपाली काङ्ग्रेसले कुनै पनि हालतमा यस विधेयकको समर्थन गर्ने छैन । किनभने माओवादीको जनयुद्धमा सर्वाधिक जनधनको क्षति बेहोर्ने नेपाली काङ्ग्रेस समर्थक नै थिए । नेकपा एमालेले पनि यो विधेयक समर्थन गर्ने छैन । जुन दिन नेकपा माओवादीले यो विधेयक ल्याउने प्रयास गर्नेछ, त्यसै दिन एमालेले सरकारको नेतृत्व हस्तान्तरण गर्न शर्त राख्नेछ । उपरोक्त कुरा तीनै दललाई थाहा छ । सत्य निरूपण तथा मेलमिलाप विधेयक पारित भएपछि माओवादी केन्द्र झन् बलियो भएर आउने ठम्याइ एमालेको छ । माओवादी बलियो हुनु भनेको एमाले कमजोर हुनु हो र एमाले बलियो हुनुको अर्थ माओवादी कमजोर हुनु हो ।

नेकपा एमालेको समर्थन प्राप्त गरेपछि गत वर्ष प्रधानमन्त्री प्रचण्डले संसद्मा सम्बोधन गर्दै नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीलाई लक्षित गर्दै भनेका थिए– मैले तपाईंलाई दुईपटक प्रधानमन्त्री बनाएको हो, एकपटक समर्थन गरेर तपाईंले एउटा ऋण चुक्ता गर्नुभयो अझ एउटा ऋण तपाईंले चुक्ता गर्नुपर्नेछ । त्यसपछि मात्रै हिसाब बराबर हुनेछ । सम्भवतः नेकपा एमालेको समर्थनबाट दोस्रोपटक प्रधानमन्त्री बनेपछि ओलीसितको हिसाब बराबर भएको छ । तर जब पुनः ओलीले आफूलाई समर्थन गर्न प्रचण्डमाथि दबाब दिनेछन्, त्यही दिन यस गठबन्धनको अन्त्य हुनेछ । सम्भवतः दशैं–तिहारपछि प्रधानमन्त्री दाहाल पुनः नेपाली काङ्ग्रेससित गठबन्धन बनाउन तयार हुनेछन् । प्रधानमन्त्री उही रहने, तर प्रतिपक्षी नेता मात्रै बदलिने यो राजनीति नेपालमा पनि छिमेकी बिहारबाट नै भित्रिएको छ । जहाँ विगत १८ वर्षदेखि मुख्यमन्त्री नीतीशकुमार नै छन् । केवल प्रतिपक्षी दलका नेताको परिवर्तन मात्रै हुँदै आएको छ । भोलिका दिनमा नेपालको राजनीतिमा यही चरित्रले निरन्तरता पायो भने शुरूमैं कसैले कसैलाई समर्थन गर्ने छैन । नेपालमा संविधान संशोधन आवश्यक छ । पाँच वर्षसम्म संसद् चल्नैपर्ने प्रावधान समाप्त हुनु आवश्यक छ । सत्ता समीकरण परिवर्तनले देश र जनताको अवस्थामा कुनै परिवर्तन ल्याउने छैन । अब एक वर्षसम्म प्रतिपक्षमा बस्ने पालो काङ्ग्रेसको आएको छ ।

# काठमाडौंको सुरक्षा थप चुस्त पार्न 'जिपिएस'सहित 'ई–क्युआरटी' परिचालित

काठमाडौं, २४ फागुन/रासस

काठमाडौं उपत्यकामा थप शान्ति, सुरक्षा सुदृढ बनाउन, अपराध नियन्त्रण एवं न्यूनीकरणका लागि जिपिएस प्रणालीसहित इलेक्ट्रोनिक्स क्विक रेस्पोन्स टीम (ई–क्युआरटी' परिचालन गर्न सुरुआत गरिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंले प्रहरी सेवा चुस्त एवं सेवालाई प्रविधिमैत्री बनाउनका लागि 'सेफर भ्याली प्रोजेक्ट' अवधारणा अन्तर्गत नागरिकका गुनासो तथा घटनाको 'क्विक रेस्पोन्स' गर्न ई–क्युआरटी परिचालन गरेको हो ।

प्रहरीलाई प्रविधिमैत्री तथा प्रमाण र तथ्यमा आधारित अपराध अनुसन्धानलाई थप बलियो बनाउँदै खटेका प्रहरी कर्मचारीमाथिको नियमनलाई समेत प्रभावकारी बनाउन प्रविधिमा आधारित क्विक रेस्पोन्स टीम परिचालन गरिएको परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भुपेन्द्र खत्रीले बताए ।

पहिलो चरणमा काठमाडौं जिल्लाभरिका ६० टीमलाई डिजिटल प्रविधिसहित परिचालन गरिएको छ । जिल्ला प्रहरी परिसर तथा मातहत वृत्त/प्रभागबाट जिपिएस प्रणालीद्वारा



प्रहरीको क्विक रेस्पोन्स टीमलाई सम्बन्धित घटना घटेको स्थानमा यथाशीघ्र पुग्ने वातावतण निर्माण गर्न २४सैं घण्टा प्रहरी नियन्त्रण कक्षबाट 'ट्र्याकिङ' गर्न सकिनेगरी विद्युतीय प्रणाली जडान गरिएको छ ।

टोली घटनास्थलमा पुग्नासाथ घटनास्थलको यथार्थ विवरणसहित प्रहरी कामकारबाई र पीडित वा सेवाग्राहीसँग गरेको व्यवहारको समेत स्वचालित नियन्त्रण कक्षमैं रेकर्ड हुने तथा नियन्त्रण कक्षबाट समेत क्युआरटी टीमको गतिविधि तथा घटनास्थलबारे लाइभ हेर्न सकिनेगरी ६० क्युआरटीको शरीरमा क्यामरासमेत थप गरिएको छ ।

उनीहरू पहिलो रेस्पोन्स गर्ने टोलीको रूपमा २४सैं घण्टा फिल्डमा परिचालन हुने खत्रीले बताए । उनीहरूमार्फत प्रहरीको कारबाईलाई शीघ्र, चुस्त एवं प्रभावकारी बनाउन टोलीलाई जिपिएस ट्र्याकिङ डिभाइस, भिडियो क्यामेरा, रेडियो सेट, बत्तीसहितको साइरनलगायत अन्य सुरक्षा सामग्रीसहित खटाइएको छ ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले उक्त टोलीमार्फत अब काठमाडौं उपत्यकाको सुरक्षा प्रविधिमैत्री हुँदै थप प्रभावकारी हुनेसमेत बताए । उनले प्रहरीलाई प्रविधिमैत्री बनाउने काममा उपत्यका प्रहरीले उच्च प्राथमिकता दिंदै आएको बताए ।

## तीन दिनदेखि बालकको अवस्था अज्ञात

प्रस, पर्सागढी, २४ फागुन/

पर्सागढी नगरपालिका–४ बस्ने अब्बास मियाँका छोरा शान अली मामाघर वीरगंज–११ श्रीपुर बसेर पढ्दै आएकोमा तीन दिनदेखि बेपत्ता भएका छन् । १३ वर्षीय शान मामाघरबाट खेल्न भनेर निस्केपछि तीन दिनदेखि उनको अवस्था अज्ञात रहेको बुबा अब्बासले बताए । यसबारे प्रहरीमा उजूरी गरिएको र खोजतलाश भइरहेको अब्बासले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## अति समस्याग्रस्त अर्थतन्त्र : दोषी को ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**रूकुम, रोल्पा, जाजरकोटको कुनै विपन्न गाउँमा, गरीबहरूको सहयोगार्थ कुनै संस्था सञ्चालन गरेर, उनीहरूको आर्थिक विकासमा पुष्पकमल दाहालले जीवनको बाँकी समय बिताए भने नेपाली जनताले उनलाई रत्नाकर होइन, वाल्मीकि देख्नेछ । होइन भने रत्नाकरले जीवनभर उनलाई पछ्याइ नै रहनेछ ।**

नेपालको अर्थतन्त्रको गति सुस्त पार्ने मात्र होइन, नेपालको अर्थतन्त्रलाई विपरीत दिशामा गमन गराउनेहरू को को हुन् भनी उनीहरूतिर औंला तेर्स्याउन र उनीहरूको कारणले गर्दा नै नेपालको अर्थतन्त्र अति समस्याग्रस्त भएको हो भनी बुझ्न, सुनिश्चित हुन् अब हामीले ढिलो गर्नुहुँदैन । यी व्यक्ति र यी राजनीतिक दलहरूको कारणले गर्दा नेपालको अर्थतन्त्र दिन प्रतिदिन धराशायी हुँदै गएको हो भन्ने तथ्य हामीले आउने पीढीलाई पनि सुनाउनुपर्छ । ती व्यक्ति तथा राजनीतिक दलहरूको सत्तालोलुप प्रवृत्ति र स्वार्थी सोचबाट उत्पन्न विकृतिहरूको अब हामीले अभिलेखीकरण पनि गर्नुपर्छ । यस्तो भयो भने आउने पीढी सजग हुनेछ। आउने पीढी सत्ता र शक्ति केन्द्रित होइन, विकास केन्द्रित हुनेछ।

भो ! अब अति नै भो ! अब त खप्न पनि कठिन भयो । नेपाली जनता थाकिसक्यो ।

केही व्यक्ति र राजनीतिक दलहरूको कारणले गर्दा नेपालको अर्थतन्त्र सुस्त त भएको नै छ, सत्ता र स्वार्थको लगि कहिले यो पार्टीसँग मिलेर सरकार बनाउने तथा कहिले त्यो पार्टीसँग मिलेर सरकार बनाउने, सत्ता र शक्तिमा रहन जस्तो पनि कुकर्म गर्ने जस्ता कार्य देखेर नेपाली युवामा चरम निराशा उत्पन्न भएको छ । यी व्यक्ति र राजनीतिक दलका कुकृत्यबाट उत्पन्न भएको चरम निराशाले गर्दा युवाहरू अहिले ठूलो सङ्ख्यामा विदेशतिर रोजगारको लागि पलायन भइरहेका छन्। यस किसिमबाट हेर्दा यी राजनीतिक दल र यिनका नेताहरूले देशको अर्थतन्त्र मात्र बर्बाद पारेका छैनन्, युवाहरूको मनोविज्ञान पनि बर्बाद पारेका छन्। यिनीहरूले युवाहरूको मनोविज्ञान बर्बाद पारिदिएकोले र बर्बाद भएको आफ्नो मनोविज्ञानको आँखाले हेर्दा, युवाहरूले नेपालमा भविष्य सुरक्षित देखिरहेका छैनन् । विदेश जानुपर्छ भन्ने उद्देश्य मात्र अहिले नेपाली युवाहरूको मष्तिष्कमा घुमिरहेको छ। सम्पूर्ण युवाहरू विदेश गए नेपालको विकास कसले गर्ने ? भत्केको अर्थतन्त्रको मरम्मत गर्न सकिन्छ, त्यसलाई राम्रो पनि पार्न सकिन्छ, तर भत्केको मनोविज्ञानको मरम्मत ज्यादै कठिन हुन्छ। मरम्मत नहुन पनि सक्छ। यो गम्भीर विषयलाई हामीले गम्भीर भएर बुझ्न आवश्यक छ। हाम्रा युवाको मनोविज्ञान अहिले भत्केको छ ।

नेपालको अर्थतन्त्रलाई खाल्टोमा पुऱ्याउने र युवामा चरम निराशा उत्पन्न गराउने कार्य अहिले नेपाली काङ्ग्रेस, नेकपा एमाले र माओवादी केन्द्रजस्ता सत्ता र शक्तिलोलुप राजनीतिक दलहरूले गरिरहेका छन् । र यो पङ्क्तिमा अब रास्वपा पनि जोडिन पुगेको छ । यी दलहरूले गर्दा नेपाली राजनीतिले स्थिर सरकार पाउन सकिरहेको छैन। देशमा अनिश्चितता व्याप्त छ । जसरी पनि सरकारमा हुनुपर्छ भन्ने यी राजनीतिक दलहरूको मनोविज्ञानले गर्दा देशले दरिद्रताबाट मुक्ति पाउन सकिरहेको छैन। सरकार स्थिर हुन नसकेको र छिटो छिटो (सानो अवधिमा) सरकार परिवर्तन हुने स्थितिले गर्दा देशमा असल योजना निर्माण हुन सकिरहेको छैन । भएका योजनाहरूको कार्यान्वयन समयमा र प्रभावी किसिमले हुन सकिरहेको छैन। कर्मचारीतन्त्रमा अभूतपूर्व किसिमले जवाफदेहीपनको अभाव देखिएको छ। राजनीतिक अस्थिरताको फाइदा कर्मचारीतन्त्रले उठाइरहेको छ । भ्रष्टाचार बढेको छ।

कुनै पनि योजना, छोटोभन्दा छोटो अवधिको भए पनि, सम्पन्न हुन एक वर्ष लाग्छ । जसले योजना निमार्ण गरेको हुन्छ उसले त्यो योजना सम्पन्न गर्न एक वर्षको अवधि खोज्छ। उसले त्यो योजना सम्पन्नताको जिम्मेवारी लिन्छ । साथै त्यो योजना सफल भएमा त्यसको यश पाउने इच्छा पनि राख्छ ।

छोटो अवधिको योजना सम्पन्न हुन त एक वर्ष लाग्छ भने मध्यम र लामो अवधिको योजना सम्पन्न हुन क्रमशः पाँचदेखि दस वर्षसम्म लाग्न सक्छ। नेपालमा कतिपय सरकार एक वर्षसम्म पनि टिक्न सकेको छैन । नेपाली काङ्ग्रेसको समर्थनमा बनेको वर्तमान पुष्पकमल दहाल नेतृत्वको सरकार नेपाली काङ्ग्रेसले सो समर्थन फिर्ता लिएपछि, पुष्पकमल दहाल नेतृत्वको सरकार भङ्ग भए सरहको स्थितिमा पुगेको छ । प्रवाधिकरूपमा पुष्पकमल दहाल नेतृत्वको सरकार भए तापनि अब निमार्ण हुने सरकार एमाले समर्थित सरकार हुनेछ। हालै विकसित यो राजनीति परिस्थितिको मूल्याङ्कन गर्दा पुष्पकमल दहाल नेतृत्वको सरकार विघटन भएको हो। काङ्ग्रेसको समर्थनमा बनेको दहाल नेतृत्वको सरकारले दुई वर्षे अवधि पनि पूरा गर्न सकेन । एमालेको समर्थनाम अब बन्ने दहाल नेतृत्वको सरकार पनि एक वर्ष सम्म टिक्न सक्ने छैन। यसरी छिटोछिटो सरकार परिवर्तन भएपछि कसरी हुन्छ योजनाहरूको कार्यान्वयन ? कसरी हुन्छ देशको आर्थिक विकास ?

अब नेताहरूको सत्तालोलुप प्रवृत्ति, स्वार्थी व्यवहार र उनीहरूको अहम्ले गर्दा नेपाल आर्थिक विकासको पथमा दौडिन सकिरहेको छैन भन्नेबारे केही चर्चा गरौं ।

पुष्पकमल दहाल, नारायणकाजी श्रेष्ठ, शेरवहादुर देउवा, माधव नेपाल, केपी ओली, उपेन्द्र यादव, महन्थ ठाकुर, झलनाथ खनालजस्ता नेताहरूको व्यवहारले गर्दा नेपालमा आर्थिक विकास हुन सकिरहेको छैन। कसरी ? यो प्रश्नको उत्तर सजिलो छ। यी नेताहरू आफ्नो स्वार्थको लागि तुरन्त मिल्छन् तर देशको आर्थिक विकासका लागि मिल्दैनन् । नेपालको आर्थिक विकासको लागि यिनीहरूबीच सहमति आवश्यक छ भने पनि यिनीहरू मिल्दैनन्। कलह गर्छन्।

माथि भनिएका तथ्यहरूको उदाहरण हेरौं– एमालेबाट रुष्ट भएर बाहिर गएका र एकीकृत समाजवादी नामक राजनीतिक दल निर्माण गरी त्यसको अध्यक्षसमेत बनेका माधवकुमार नेपाल, अहिले यो नयाँ परिस्थितिमा, एमालेको समर्थन र पुष्पकमल दहालको नेतृत्वमा निर्माण हुने सरकारमा जान तयार भएका छन् । समचारहरूले त्यस्तै भनिरहेको छ। केपी ओलीसँग कुरा नमिलेर शेरबहादुर देउवाको शिविरमा पुगेर प्रधानमन्त्री पद कायम राख्न सफल दहाल अहिले शेरबहादुर–शिविर परित्याग गरी ओली–शिविरमा पुगेका छन् । आफ्नो शिविरबाट पुष्पकमल दहाललाई निकाल बहार गर्ने केपी ओली अहिले उनै दहाललाई फूलमालासहित आफ्नो शिविरमा स्वागत गर्न आतुर भएका छन्। कुनै बेला पुष्पकमललाई आफ्नो अति प्रिय भन्ने, पुष्पकमलले गरेको हत्या, हिंसा समेत बिर्सिदिने शेरबहादुर अहिले पुष्पकमललाई धोकेबाज भन्दै हिंडेका छन्। सत्ता र शक्ति केन्द्रित रहेर देशको आर्थिक विकासलाई बेवास्ता गर्ने यी नेताहरूको स्वार्थी एवं पदलोलुप प्रवृत्तिले गर्दा नेपालमा आर्थिक विकास एका देशको कथाजस्तै हुन पुगेको छ। छिमेकी राष्ट्र चीन र भारतले ठूलो आर्थिक प्रगति गरे पनि हामीले केही गर्न सकेका छैनौं।

अब व्यक्तिविशेषतिर हेरौं। नेपालको राजनीतिलाई सदा अस्थिर पार्ने र देशको आर्थिक विकास हुन नदिने नेताको रूपमा अब हामीले पुष्पकमल दहाललाई बुझ्न र पहिचान गर्न ढिलो गर्नुहुँदैन । सत्ता र शक्तिमा सदासर्वदा रहने, रहन खोज्ने, यिनको प्रवृत्तिले गर्दा नेपालको राजनीति स्थिर हुन सकिरहेको छैन । नेपालको राजनीति स्थिर हुन नसकेकोले नेपालको आर्थिक विकास हुन सकिरहेको छैन । व्यक्तिविशेषको हिसाबले नेपालको अर्थतन्त्र बर्बाद पार्नमा पुष्पकमल प्रमुख दोषी हुन् ।

पुष्पकमल दहालले २०५२ सालदेखि नै नेपालको राजनीतिलाई अस्थिर पार्दै आएका छन्। दहालको नेतृत्वमा भएको माओवादी जन (धन) युद्धमा नेपालको अर्थतन्त्र विपरीत दिशामा हिंडेको थियो। २०५२ सालपछि नयाँ कल खारखानाहरू स्थापना भएका थिएनन् । भएका कलकारखाना पनि बन्द गर्नुपर्ने स्थिति भएको थियो। बैंकहरू लुटिएका थिए। विकासका आवश्यक संरचनाहरू ध्वस्त पारिएका थिए ।

२०५२ सालदेखि २०८० सम्म, अर्थात् २८ वर्षदेखि नेपालको राजनीतिलाई दहालले अस्थिर पार्दै आएका छन्। उनको सत्ता र शक्ति केन्द्रित प्रवृत्तिले गर्दा देशमा राजनीतिक स्थिरता कामय हुन सकिरहेको छैन । देशमा राजनीतिक स्थिरता नभएकोले आर्थिक विकास पनि भइरहेको छैन । उल्टो नेपालमा अहिले चरम निराशा व्याप्त छ। नेपालीहरूको मनोविज्ञान अहिले फिलिस्तिनीहरूको मनोविज्ञानजस्तो अस्थिर भएको छ। येमनका जनतामा देखिएको बेचैनी अहिले नेपाली जनतामा पनि देखिएको छ ।

२८ वर्षदेखि नेपालको राजनीतिलाई केवल आफ्नो वरिपरि घुमाउने, कहिले माधव नेपाल, त कहिले शेरवहादुर देउवा, त कहिले केपी ओलीलाई ‘उपयोग’ गर्ने दहालको ‘प्रयोग गर र फाल’ नीतिले नेपालको राजनीतिलाई स्थिर हुन दिइरहेको छैन। नेपालको अर्थतन्त्र ध्वस्त पारेको छ ।

नेपाली राजनीतिमा जहिलेसम्म दहालको उपस्थिति रहने छ नेपालको आर्थिक विकास अवरुद्ध भइरहने छ । आर्थिक विकास हुने छैन ।

नेपालको आर्थिक विकासको लागि राष्ट्रिय राजनीतिबाट पुष्पकमल दहालको बहिर्गमन आवश्यक छ । थोरै सिटमा विजय हासिल गरे तापनि राजनीतिक चतुऱ्याइँ प्रयोग गरेर प्रधानमन्त्री हुन सक्ने दहालको कुटिल नीतिको अगाडि कसैको केही जोर चल्न सक्तैन। ठूल्ठूला नेताहरू पनि दहालको चतुऱ्याइँको शिकार हुन पुग्छन् । शिकार भइरहेका छन् ।

दहाल यथार्थमा विकास नेता (Developmental Leader) होइनन् । यीनी केवल अवसर नेता (Situational Leader) हुन्। अवसर नेता त्यस्ता नेता हुन्, जो कुनै खास अवसरको लगि उपयुक्त हुन्छन् । माओवादीहरूले तत्कालीन व्यवस्थाविरुद्ध गरेको सङ्घर्ष, वा त्यो खास किसिमको सङ्घर्ष वा खास अवस्थाको लागि दहाल उपयुक्त नेता थिए। तर अहिले स्थिति बदलिएको छ। अहिले देशलाई विकास चाहिएको छ । विकास अभियानलाई नेतृत्व दिने क्षमता र कुशलता दहालमा छैन । दहाल विध्वंसका नेता हुन्, विकास–नेता होइनन्।

रूकुम, रोल्पा, जाजरकोटको कुनै विपन्न गाउँमा, गरीबहरूको सहयोगार्थ कुनै संस्था सञ्चालन गरेर, उनीहरूको आर्थिक विकासमा पुष्पकमल दाहालले जीवनको बाँकी समय बिताए भने नेपाली जनताले उनलाई रत्नाकर होइन, वाल्मीकि देख्नेछ । होइन भने रत्नाकरले जीवनभर उनलाई पछ्याइ नै रहनेछ ।

गरीबहरूको सेवा गर्नका लागि सत्ता वा शक्तिमा पुग्नैपर्दैन। शक्ति र सत्तामा पुग्न खोजे अर्थशास्त्रका ‘नोबेल प्राइज’ पाउने बङ्गलादेशका ख्यातिप्राप्त अर्थशास्त्री मोहम्मद युनुसको हविगत हुनेछ । उच्च पदमा पुग्ने, प्रधानमन्त्री हुने, युनुसको इच्छाले उनलाई उनी पुगेको सम्मानको धरहराबाट तल झार्दैछ ।

## नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, २४ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ५१ अङ्कले उकालो लागेर दुई हजार ३० दशमलव ५५ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ९० अङ्कले उकालो लागेर ३६० दशमलव २७ मा पुगेको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा १० उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

कुल ८९ लाख २९ हजार १५२ कित्ता शेयर रु तीन अर्ब १९ करोड ९२ लाख पाँच हजार ८२० मूल्यमा कारोबार भयो। नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल रिइन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु ५६ करोड २० लाख बराबरको कारोबार भयो । शिवम् सिमेन्ट रु १६ करोड ४१ लाख २२ हजार ८६२, सोनापुर मिनरल्स रु १३ करोड ४१ लाख ४२ हजार ४८४, मैलुङ हाइड्रोपावर रु १३ करोड ३७ लाख ७४ हजार ३६१ र हाथवे इन्भेस्टमेन्टको रु नौ करोड ७९ लाख ५६ हजार ३५६ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार पिपल्स हाइड्रोपावरको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। चिर्खवा हाइड्रोपावर आठ दशमलव ९७, मध्य भोटेकोशी जलविद्युत् कम्पनी छ दशमलव शून्य आठ, बुद्धभूमि नेपाल हाइड्रोपावर पाँच दशमलव ९६ र हाथवे इन्भेस्टमेन्टका लगानीकर्ताले पाँच दशमलव ६४ प्रतिशतले कमाएका छन् । कारोबार भएकामध्ये आज १७६ कम्पनीका शेयर मूल्यमा वृद्धि भएको छ।

त्यस्तै, एनआइसी एशिया ग्रोथ फन्ड दोस्रो छ दशमलव २१, सामलिङ पावर कम्पनी पाँच दशमलव शून्य दुई, बोटलर्स नेपाल तराई चार दशमलव ३५, एनएमबी तीन दशमलव ८८ र हिमालयन बैंकको सामूहिक लगानी कोषका लगानीकर्ताले तीन दशमलव ८५ प्रतिशतले गुमाएका छन् । आज कारोबार भएकामध्ये ५९ कम्पनीका शेयर मूल्यमा गिरावट आएको छ। शेयर कारोबार हुने साताको अन्तिम दिनसम्म आइपुग्दा बजार भने उकालो लागेर बन्द भएको छ।

सोमवार उच्च अङ्कले वृद्धि भई सकारात्मक सर्किट लागेर बन्द भएको थियो । मङ्गलवार भने बजार पुनः उच्च अङ्कले नै ओरालो लागेको थियो । नयाँ अर्थमन्त्रीलाई स्वागत गर्दै बुधवार पनि बजारले हरियो झन्डा देखाएको थियो । आज पनि नेप्से परिसूचक उकालो लागेर बन्द भएको छ।

## बजेट बाँडफाँटलाई निरन्तरता दिने निर्णय

काठमाडौं, २४ फागुन/रासस

शहरी विकासमन्त्री धनबहादुर बुढाले चालू आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालयमा प्राप्त बजेट सिलिङलाई अन्तरनिकाय बाँडफाँटलाई निरन्तरता दिने निर्णय गरेका छन्। मन्त्रिमण्डलको विस्तारसँगै बिहीवार पदभार ग्रहण गर्दै मन्त्री बुढाले मन्त्रालयको जिम्मेवारी सम्हालेका हुन् । मन्त्रालयका सचिव मणिराम गेलालले मन्त्रीले पदबहाली ग्रहणसँगै मन्त्रालयको करीब रु ४६ अर्बको सिलिङलाई मन्त्रालय अन्तर्गतका निकायलाई बाँडफाँट गर्ने निर्णय गरेको जानकारी दिए ।

“मन्त्रालयले शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलगायतका विभिन्न मन्त्रालय अन्तर्गतका निकायलाई बाँडफाँट गरेका छौं । गत वर्ष जुन अनुपातमा थियो, पदबहालीसँगै मन्त्री बुढाले सोही अनुपातमा बजेट बाँडफाँटलाई निरन्तरता दिनेमा स्वीकृत गर्नुभएको छ,” सचिव गेलालले जानकारी दिए।

कर्णाली प्रदेश डोल्पा जिल्ला, काइके गाउँपालिकामा विसं २०३१ फागुन ७ गते जन्मेका मन्त्री बुढा विसं २०७९ मङ्सिर ४ को निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)बाट डोल्पा जिल्ला निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित भएका थिए ।

उनी विसं २०६० र २०६१ मा जिल्ला विकास समिति सभापति, विसं २०७० मा संविधानसभा सदस्य, विसं २०७४ मा प्रतिनिधिसभा सदस्य, विसं २०७६ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री भएका थिए ।



**खोरेत रोगविरुद्ध खोप**: मोरङको पथरी शनिश्चरे–८ मङ्गलवारेका पशुलाई खोरेत रोगविरुद्ध खोप दिंदै पशु चिकित्सक । किसानहरूले पालेको पशुमा तीन दिन अधिदेखि खोरेत रोग देखिएको छ। खोरेत रोग देखिएलगत्तै पथरी शनिश्चरे नगरपालिका–८ का अध्यक्ष नवीन कार्की र पशुपक्षी शाखाका प्रमुख डा सबल पोखरेलले खोप अभयिान शुरू गरेका छन्। तस्बिर : गोपाल काफ्ले/रासस

## एमसिए–नेपालले अघि बढायो १८ किमी लामो सीमापार विद्युत् प्रसारण लाइनको काम

काठमाडौं, २४ फागुन/रासस

एमसिए–नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत निर्माण गर्न लागेको ३१५ किमी लामो प्रसारण लाइन सञ्जालबाट १८ किमी लामो बुटवल–गोरखपुर विद्युत् प्रसारण लाइन खण्डलाई छुट्याएर प्राथमिकताका साथ अगाडि बढाउने निर्णय गरेको छ ।

एमसिए–नेपालको सञ्चालक समितिको मङ्गलवार बसेको ४०औं बैठकले सो निर्णय गरेको एमसिए–नेपालले जनाएको छ । यस सीमापार खण्डसम्बन्धी कामलाई तीव्रता प्रदान गर्दा नेपाल र भारतबीचको सीमापार ऊर्जा व्यापार सम्झौता अन्तर्गतको दायित्व निर्वाह गर्न सहयोग पुग्ने ठहर सञ्चालक समितिले गरेको छ।

सञ्चालक समितिको बैठकपछि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव तथा प्रवक्ता नवीनराज सिंहले नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणका लागि यस खण्डको गम्भीरतापूर्ण महत्त्वलाई दृष्टिगत गर्दै सञ्चालक समितिले उक्त निर्णय गरेको बताए । यस खण्डलाई बृहत् प्रसारण लाइन सञ्जालबाट छुट्याउँदा खरीद प्रक्रिया छिटो सम्पन्न गर्न सकिने र भारतमा निर्माणाधीन प्रसारण लाइनसँग जोड्नका लागि यसको निर्माण २०८३ जेठभित्रै सम्पन्न हुनेगरी सुनिश्चित गर्ने उनले उल्लेख गरे ।

(बाँकी अन्तिम पातामा)

# समाजवाद उन्मुख आर्थिक रूपान्तरणको खाँचो

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आर्थिक रूपान्तरणको महत्त्वपूर्ण स्तम्भ मानिने सरकारी, सहकारी र निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरेर मुलुक सुहाउँदो समाजवाद उन्मुख आर्थिक रूपान्तरणको नीति तयार गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।**

मुलुकको आर्थिक रूपान्तरण अहिलेको आम चासोको मुख्य विषय हो। पछिल्लो समय यो राजनीतिक असन्तुष्टि पोख्ने मुख्य मुद्दा पनि बनेको छ। मुलुकमा प्रजातन्त्र स्थापना भएको तीन दशकभन्दा बढी भइसक्दा पनि आम नागरिकको आर्थिक अवस्थामा बदलाव ल्याउन नसकेकोमा आम असन्तुष्टि तीव्र देखिन्छ। आर्थिक रूपान्तरण हुन नसक्दा मुलुकमा गरीबी, बरोजगारी र असमानता झन् बढ्दो छ। यसो हुनुको प्रमुख कारण राजनीतिक अस्थिरता र छिटोछिटो सरकार परिवर्तनलाई देखाइने गरिन्छ। त्यसो त सरकार परिवर्तन लोकतान्त्रिक अभ्यासको रूपमा व्याख्या गरिए पनि यसले सृजना गरेका गैरलोकतान्त्रिक राजनीतिक चरित्रले मुलुकमा उच्चस्तरको आर्थिक रूपान्तरण गर्न सकिएको छैन। उच्चस्तरको आर्थिक रूपान्तरण हासिल गर्ने हो भने गरीब, विपन्न र आर्थिक तथा सामाजिकरूपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याई उनीहरूलाई राज्यको उत्पादनशील स्रोत साधनमाथिको पहुँच, उपभोग र नियन्त्रणमा समानता र न्याय स्थापना गर्नै पर्दछ। यसका लागि राजनीतिक स्थायित्व र सरकारको स्पष्ट आर्थिक दृष्टिकोण अगाडि ल्याउनु त्यतिकै आवश्यक छ।

हुनत हामीलाई विकास, समृद्धि र उन्नति कस्तो चाहिएको हो ? यसबारे अहिले पनि राजनीति वृत्तचित्रमा अझै अस्पष्ट नै देखिन्छ। आम नेपालीलाई चाहिएको विकास, समृद्धि र उन्नतिको आधार र यसलाई प्राप्त गर्ने सहज मार्गबारे अझै पनि राजनीतिक दल र त्यसको नेतृत्वले खासै ध्यान दिन सकेको देखिएको छैन। आम नेपालीले चाहेको विकास, समृद्धि र उन्नति प्राप्तिका लागि अर्थतन्त्रको आकार र क्षेत्र फराकिलो हुनुपर्दछ। मुलुकमा रोजगार, आम्दानी, लगानी, उत्पादन र उपभोगको बृहत् सञ्जाल निर्माण गर्नुपर्दछ। यसका लागि आवश्यक प्रभावकारी र पारदर्शी वित्तीय प्रणाली तथा बृहत् खुला बजार सञ्जालको अपरिहार्य आवश्यकता छ। तर नेपालका राजनीतिज्ञ, योजनाविद्हरूले समृद्धिका यस्ता पक्षबारे उतिसारो चासो राखेका छैनन्। आफ्नो अभीष्ट साध्नका लागि कुनै पनि आन्दोलन वा अभियानको पक्षपोषण गर्न पुग्दछौं। विशेषगरी विकास, समृद्धि र उन्नतिका लागि आर्थिक, सामाजिक एवं राजनीतिक अभियान सञ्चालन गर्ने कुनै दल, समूह वा त्यसको पैरवी गर्ने व्यक्तिहरूसमेत मुलुकको अर्थतन्त्र, अर्थ प्रणाली र बजारको गतिशीलताबारे गम्भीर भएको देखिएन। अर्थ प्रणाली र बजारको कार्यसम्पादनबारे विश्वास जगाउने पहल गरेको देखिएको छैन। विकास र समृद्धिको कुरा गर्दा बृहत् लगानी, उत्पादन, आम्दानी र उपभोगको चक्रलाई नजरअन्दाज गर्नै सकिंदैन। तर, यहाँ उत्पादन र उपभोगको डाइनामिक्स नै बुझ्न सकिएको देखिंदैन। अर्थतन्त्रमा सबैभन्दा महत्त्वपूर्ण कुरा धनको सिर्जना हो। तर हाम्रो आन्दोलन, विरोध र प्रदर्शनले धनको सिर्जना गर्नुपर्ने कुरालाई हैन, केवल स्थानान्तरण (ट्रान्सफर) को एजेन्डा मात्रै बोकेको अनुभूति हुन्छ।

वास्तवमा आन्तरिक उत्पादनको बृहत् प्रक्रियाबाट नै रोजगार सिर्जना हुन्छ। रोजगारले आम्दानी बढाउँछ, आम्दानी बढेपछि व्यक्तिको क्रयशक्ति बढ्छ अनि त्यसले उपभोग बढाउँछ। आन्तरिक उत्पादन भनेको आफ्नै मुलुकभित्र वस्तु उत्पादन गरेर आत्मनिर्भर हुनु हो। स्वदेशमा खपत हुन नसकेको उत्पादनलाई निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्नु पनि हो। यसका साथै आन्तरिक उत्पादनले स्वदेशी उत्पादनसँग मात्र सरोकार राखेको हुँदैन, यसले निर्यात हुने वस्तुसँग पनि सरोकार राखेको हुन्छ। आन्तरिक उत्पादन भन्नाले औद्योगिक उत्पादन मात्र होइन। यस अन्तर्गत व्यापार, व्यवसाय र सेवा क्षेत्र पनि समावेश हुन्छन्। किनभने यी क्षेत्रले पनि स्वदेशी उत्पादनमा योगदान पुर्‍याएर देशको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन्। त्यसैले मुलुकको आर्थिक रूपान्तरण गर्नु भनेकै आन्तरिक उत्पादन बढाउनु हो। आन्तरिक उत्पादन बढाउन सकियो भने स्वतः आयातमा कमी हुन्छ। स्वदेशी उत्पादनले नै मुलुकको आवश्यकता परिपूर्ति गरेको हुन्छ र विदेशबाट आयात गर्नुपर्ने आवश्यकता हुँदैन। न्यून मात्रामा आयात गरिने र पर्याप्त मात्रामा निर्यात हुने गर्दा आर्थिकरूपले मुलुक बलियो हुन्छ। यसरी आन्तरिक उत्पादन बढाउन सकिएको अवस्थामा विदेशी मुद्राको सञ्चिति पनि सकारात्मक हुन जान्छ। हुनत कुनै पनि मुलुक सबै वस्तु र सेवामा आत्मनिर्भर हुन सक्दैन। स्वदेशमा उत्पादन हुन नसक्ने कतिपय वस्तु हुन सक्छ। नेपालको सन्दर्भमा भन्ने हो भने पेट्रोलियम पदार्थजस्ता वस्तु स्वदेशमा उत्पादन हुन सक्दैन। उत्पादनका लागि आवश्यक पर्ने उपकरण तथा अन्य वस्तुका लागि पनि आयात गर्नै पर्दछ र यसका लागि विदेशी मुद्रामा भुक्तानी गर्नुपर्ने हुन्छ। उपभोग बढेपछि बजारमा वस्तु र सेवाको माग बढ्छ, माग बढेपछि उत्पादनका लागि नयाँ लगानी थप हुन्छ, त्यसले पुनः नयाँ उत्पादन बढाउँछ र त्यो थप उत्पादनले पुनः रोजगार, आम्दानी र उपभोग बढाउँछ। अर्थतन्त्रको यो आधारभूत चक्रलाई गतिशील बनाउनका लागि वित्तीय प्रणाली र बजारले अहं भूमिका निर्वाह गरेको हुन्छ। त्यसैले यसको अनवरत सञ्चालनको सुनिश्चितता राज्यले गरिदिनुपर्छ। राज्य र यसका संयन्त्रहरूप्रति आम विश्वास र भरोसाले नै वित्त र बजार प्रणालीले काम गरेको हुन्छ। यदि यसका विश्वासको सङ्कट उत्पन्न भयो भने वित्त र बजार प्रणालीले विश्वास गुमाउँछ र त्यसले अर्थतन्त्रको चक्रमा अवरोध पुर्‍याइदिन्छ। आम नेपाली नागरिकलाई उद्यमशील बनाउने र समाजलाई सही भाष्य दिएर आर्थिक दिशाबोध गर्न सक्नुपर्दछ। तर, व्यवहारमा त्यसो हुन सकेको छैन। विश्वका विकसित मुलुकहरूको तुलनामा नेपालको वित्तीय प्रणाली उतिसारो प्रभावकारी नहोला तर, यसले यहाँको परिवेशमा जे-जति गरेको छ, त्यसको सराहना गर्नैपर्छ।

पछिल्लो समय मुलुकमा वित्तीय पहुँच अभूतपूर्व रूपमा विस्तार भएको देखिन्छ। विभिन्न श्रेणीका बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय पहुँच बढाउने काममा निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। त्यसैले सर्वसाधारणको धनको सुरक्षा दिनुका साथै उनीहरूको वित्तीय आवश्यकतामा वित्तीय संस्थाहरूले निर्वाह गरेको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन। वित्तीय प्रणालीबेगर आधुनिक युगको परिकल्पना पनि त हुन सक्दैन। यस्ता वित्तीय प्रणालीमा कहिलेकाहीं समस्या पनि आउँछ। तर, घटनाविशेषमा आधारित भएर कुनै अमुक संस्थाका कर्मचारीहरूले गरेको व्यवहार र अपारदर्शी (वा फर्जी) कारोबारलाई लिएर समग्र वित्तीय प्रणालीप्रति नै विषवमन गर्न खोज्नु आफैंमा राम्रो विषय होइन। हाम्रो मुलुकका बैंक तथा वित्तीय संस्थाहरू मध्यकालीन र दीर्घकालीन वित्तीय व्यवस्थापनको प्रक्षेपण गर्ने मामिलामा अपरिपक्व देखिएका छन्। ठोस वैज्ञानिक वित्तीय आधार बेगर बैंकहरूसँग अलिकति तरलता बढ्नेबित्तिकै पैसा बेच्न (कर्जा दिन) ग्राहक खोज्दै हिंड्ने र अलिकति असहजता हुने बित्तिकै फेरि पैसा किन्न (निक्षेप खोज्न) घरघर चहार्ने परिपाटीले मुलुकको वित्तीय प्रणाली परिपक्व हुन नसकेको सङ्केत गर्दछ। विगत दुई दशक यता बजारले गति लिन सकेको छैन। किनभने औद्योगिक क्षेत्रमा उत्पादनका लागि लगानी थप्ने विश्वासिलो वातावरण बन्न सकेको छैन। राज्यको अस्थिर नीतिका कारण उद्योगी-व्यवसायीहरू विश्वस्त हुनसकेका छैनन्। बैंक, वित्तीय संस्थाहरूको मुख्य काम नै वित्तीय मध्यस्थता गरिदिने हो। सोका लागि उनीहरूले निश्चित प्रतिशतको अन्तरमा ब्याजदर निर्धारण गरेका हुन्छन्। त्यस्तो ब्याजदरको अन्तर यथोचित छ कि छैन भनेर निगरानी र नियमन गर्ने काम नेपाल राष्ट्र बैंकले गरेको हुन्छ। विगतमा ७/८ प्रतिशतसम्म औसत ब्याजदरको अन्तर राखेका बैंकहरूले अहिले त्यही ४/५ प्रतिशतको अन्तरमा काम गरिरहेका छन्।

विशेषगरी न्यून आय भएका आर्थिक एवं सामाजिकरूपले पछाडि पारिएका वर्ग र समुदायका मानिसहरूको पहिचान गरी उनीहरूलाई वित्तीय साक्षरता प्रदान गर्दै वित्तीय पहुँच पुर्‍याउने उद्देश्यका साथ लघुवित्त संस्थाहरूको स्थापना भएको हो। लघुवित्तको क्षेत्राधिकार भनेकै गाउँ, टोल र समुदायमा आधारभूत वित्तीय सेवा प्रवाह गर्नु हो। कम आय भएका घरपरिवारका विशेषगरी महिला सदस्यहरूलाई समूहमा आबद्ध गर्दै उनीहरूलाई आयआर्जनमा संलग्न गराई गरीबी निवारण गर्नु नै लघुवित्तको मूल लक्ष्य हो। पछिल्लो समय लघुवित्तको व्यवसाय निकै अस्वस्थ र अपारदर्शी बन्न गएको देखिन्छ। विशेषगरी अल्पकालीन मुनाफामुखी दृष्टि हावी हुँदा लघुवित्तहरूमा तीव्र अस्वस्थ प्रतिपर्धा देखिएको छ। फलस्वरूप लक्षित वर्गको पहिचान, समूह निर्माण, लगानीका लागि समूह सदस्यहरूको विश्वसनीयता र उनीहरूको आर्थिक क्रियाकलापसँगको सम्बन्धलाई नजरअन्दाज गर्दै लघुवित्तहरूले तँछाडमछाड गर्दै समूह बनाई ऋण प्रवाह गर्ने गरेका छन्। एउटै व्यक्तिले दर्जनभन्दा बढी लघुवित्तबाट कर्जा लिएका विवरणहरू धेरैपटक सार्वजनिक भइसकेका छन्।

लघुवित्तको समस्याको शुरूआत भने ऋणी स्वयंको लापरवाही र गैरजिम्मेवारीपूर्ण व्यवहारबाट सिर्जना भएको हो। किनभने जो-कोहीले ऋण लिनुपूर्व त्यसको उपयोगिता र भविष्यमा किस्ता तिर्न सक्ने क्षमताबारे आफैं जानकार हुनुपर्छ। आफूले लिएको ऋणको सदुपयोग गर्ने ऋणी स्वयंले नै हो। ऋण लिएर घरव्यवहार चलाउने होइन, सीप-उद्यम गर्ने हो। तर, ऋणमा पाएको पैसालाई सित्तैमा पाएको ठान्ने मनोवृत्तिकै कारण सर्वसाधारण ऋणको चंगुलमा फसेको देख्न सकिन्छ। ऋण लिएर नतिर्ने अनि ऋण पीडित भन्दै आन्दोलनमा उत्रिनुलाई कुनै पनि हालतमा राम्रो मान्न सकिन्न। मुलुकमा देखापरेको विभिन्न बाह्य आर्थिक सङ्कट र बजारमा देखापरेको मन्दीका कारण केही समय र ब्याज छुटका लागि माग राख्नु वा आन्दोलन गर्न पाउनुपर्छ। सरकारको विरोध हुन सक्छ। राजनीतिक दलहरूको कार्यशैलीको विरोध पनि गर्न सकिन्छ। तर राज्य, लोकतन्त्र र लोकतान्त्रिक संस्थाहरूको अस्तित्व र वैधानिकतामाथि नै प्रश्न गर्न थालियो भने यसले अराजकता निम्त्याउन सक्छ। अन्त्यमा आन्तरिक उत्पादनमा आधारित आर्थिक रूपान्तरण नै सबैभन्दा बलियो अर्थतन्त्र हुने भएकोले यसतर्फ राज्य संवेदनशील हुनै पर्दछ। यसका लागि आर्थिक रूपान्तरणको महत्त्वपूर्ण स्तम्भ मानिने सरकारी, सहकारी र निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरेर मुलुक सुहाउँदो समाजवाद उन्मुख आर्थिक रूपान्तरणको नीति तयार गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।



**पानीघट्टः** कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ ल्वाङ गाउँमा रहेको पानीघट्ट। आधुनिक मिलको प्रयोग बढेसँगै गाउँघरमा परम्परागत पानीघट्ट लोप हुने अवस्थामा पुगेको छ। तस्बिरः धनबहादुर गुरुङ/रासस

## रूस जाँदा 'नो अब्जेक्शन सर्टिफिकेट' अनिवार्य गरिएको छ -प्रधानमन्त्री

काठमाडौं, २४ फागुन/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रूसी सेनामा नेपालीको भर्ती अवैध भएको जानकारी रूसी सरकारलाई गराइसकिएको र रूस जाँदा 'नो अब्जेक्शन सर्टिफिकेट' अनिवार्य गरिएको बताएका छन्।

प्रतिनिधिसभाको बिहीवारको बैठकमा सांसदले उठाएका प्रश्नको जवाफ दिंदै उनले रूसी सेनामा नेपाली नागरिकलाई भर्ना नगर्न र भर्ना भएकालाई नेपाल फिर्ता गर्न कूटनीतिक प्रयास अघि बढाइएको स्पष्ट पारे।

प्रधानमन्त्री प्रचण्डले रूसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकको शव स्वदेश फिर्ता ल्याउने, मृतकका परिवार तथा घाइतेलाई क्षतिपूर्ति उपलब्ध गराउने र युक्रेनी सेनाले बन्धक बनाएका नागरिकलाई स्वदेश फिर्ता गर्ने सम्बन्धमा सम्बन्धित देशका अधिकारीसँग संवाद भइरहेको जानकारी गराए।

"पछिल्लो समयमा क्षतिपूर्ति र बीमा रकम नेपाली राजदूतावासको खातामा जम्मा गरी कन्सुलर सेवा विभागमार्फत पीडित परिवारलाई उपलब्ध गराउन रूस सरकार सहमत भएको छ"- प्रधानमन्त्री प्रचण्डले भने-"अध्ययन छात्रवृत्ति तथा पेशा व्यवसायमा संलग्नबाहेक नागरिकले रूस यात्रा गर्नु परे 'नो अब्जेक्शन सर्टिफिकेट' अनिवार्य गरिएको छ।"

## सुन, चाँदीको मूल्यवृद्धि

काठमाडौं, २४ फागुन/रासस

नेपाली बजारमा बिहीवार सुन र चाँदी दुवैको मूल्यमा वृद्धि भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मूल्य प्रतितोला रु १५०० वृद्धि भई प्रतितोला रु १२५ हजार कायम भएको छ।

यसैगरी, तेजाबी सुनको मूल्य पनि प्रतितोला रु १५०० ले वृद्धि भई प्रतितोला रु १,२४,४०० मा कारोबार भइरहेको छ। चाँदी प्रतितोला रु ३० ले वृद्धि भई १४७० मा कारोबार भइरहेको महासङ्घले जनाएको छ। अन्तर्राष्ट्रिय बजारमा सुन र चाँदीको मूल्यवृद्धि भएसँगै त्यसको असर नेपाली बजारमा पनि देखिएको हो।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३





**बारीबाट टिपेको गोलभेंडाः** कृष्णपुर नगरपालिका-६ बालुवाफाँटाकी किसान धना चौधरी बारीबाट टिपेको गोलभेंडा बजारमा बेच्न लैजानका लागि क्रेटमा राख्दै। पाँच वर्षदेखि गोलभेंडाखेती गर्दै आएकी उनले दैनिक सिजनमा ५० क्रेट बढी गोलभेंडा बजारमा लगेर बेच्दै आएकी छन्। तस्वीर : राजेन्द्रप्रसाद पनेरु/रासस

## अन्तर्राष्ट्रिय समाचार

# गाजा युद्ध ‘सभ्यताको अपमान’ : चिनियाँ विदेशमन्त्री

बेइजिङ, २४ फागुन/एएफपी

चीनका विदेशमन्त्री वाङ यीले गत वर्षको अक्टोबरमा इजरायल र हमासबीच जारी युद्ध शुरू भएदेखि नै गाजामा भइरहेको इजरायली सैन्य कारबाई (युद्ध)लाई ‘मानव सभ्यताको अपमान’ भन्दै तत्काल युद्धविरामका लागि बेइजिङको आह्वान दोहोर्‍याएका छन्।


चीनका विदेशमन्त्री वाङ यी। तस्वीरः एजेन्सी

“आजको २१औं शताब्दीमा यो मानवीय विपत्तिलाई रोक्न सकिंदैन भने यो मानवजातिका लागि त्रासदी र सभ्यताका लागि लज्जाजनक कुरा हो,” वाङले पत्रकारसँगको नियमित भेटमा भने।

बेइजिङले तत्काल युद्धविरामको माग गर्दै आएको छ।

चीनले ऐतिहासिकरूपमा प्यालेस्टिनी मुद्दाप्रति सहानुभूति राख्दै आएको छ र इजरायल–प्यालेस्टाइन द्वन्द्वको दुई–राज्य समाधानको समर्थन गर्दै आएको छ।

चीनका राष्ट्रपति सी जिनपिङले द्वन्द्व समाधानका लागि ‘अन्तर्राष्ट्रिय शान्ति सम्मेलन’ आह्वान गरेका छन्।

वाङले भने, “द्वन्द्व जारी राख्नुलाई कुनै पनि कारणले न्यायोचित ठहराउन सकिंदैन र मानिसहरूलाई निर्मम तरीकाले मार्नुलाई कुनै पनि बहानामा सही मान्न सकिंदैन।”

उनले भने, “अन्तर्राष्ट्रिय समुदायले तत्काल युद्धविराम र शत्रुता अन्त्यलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ र मानवीय राहतलाई तत्काल नैतिक जिम्मेवारीको रूपमा सुनिश्चित गर्नुपर्छ।”

बेइजिङका उच्च कूटनीतिज्ञले प्यालेस्टिनी राष्ट्रका लागि संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यतालाई चीनले समर्थन गर्ने बताएका छन्।

“हामी प्यालेस्टाइनलाई संयुक्त राष्ट्रसङ्घको औपचारिक सदस्य बन्न समर्थन गर्छौं,” वाङले भने, “गाजामा भएको विपत्तिले प्यालेस्टाइनी भूमि लामो समयदेखि कब्जा गरिएको तथ्यलाई अब नजरअन्दाज गर्न सकिंदैन भन्ने कुरा एकपटक फेरि विश्वलाई स्मरण भएको छ। प्यालेस्टिनी जनताको स्वतन्त्र राष्ट्र स्थापना गर्ने लामो समयदेखिको चाहनालाई अब पन्छाउन सकिंदैन र प्यालेस्टिनी जनताले भोगेको ऐतिहासिक अन्यायलाई नसच्याइ पुस्तौंसम्म जारी राख्न सकिंदैन।” रासस

# सन् २०२४ को पहिलो दुई महीनामा चीनको निर्यातमा वृद्धि

बेइजिङ, २४ फागुन/एएफपी

सन् २०२४ को पहिलो दुई महीनामा चीनको निर्यात तीव्र गतिमा बढेको सरकारी तथ्याङ्कले बिहीवार देखाएको छ। विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनले आर्थिक पुनरुत्थानका लागि सङ्घर्ष गरिरहेको बेला निर्यातमा देखिएको वृद्धिले नीति निर्माताहरूलाई प्रोत्साहन मिलेको छ।

विदेशी ढुवानीले लामो समयदेखि देशको आर्थिक वृद्धिको प्रमुख चालकको रूपमा काम गर्दै आएको छ। वैदेशिक निर्यातले विनिर्माण क्षेत्रको ठूलो रोजगारीलाई सुरक्षा प्रदान गर्दछ।

जनवरी र फेब्रुअरीमा निर्यात ७.१ प्रतिशतले बढेको छ। यसले विश्लेषकहरूको ब्लुमबर्ग सर्वेक्षणमा १.९ प्रतिशतको पूर्वानुमानलाई गलत साबित गरिदिएको चिनियाँ सामान्य भन्सार प्रशासनले बताएको छ।

चीन आफ्नो कडा शून्य–कोभिड उपायहरूको अन्त्य गर्दै सामान्य जनजीवनमा फर्केको गत वर्षको जनवरी–फेब्रुअरीको तुलनामा यो ठूलो वृद्धि हो।

चीनमा वैदेशिक निर्यातमा लगातार छ महीनाको सङ्कुचनपछि नोभेम्बरदेखि यसमा सामान्य वृद्धि भइरहेको छ।

यद्यपि, मुद्रास्फीति र उच्च ब्याज दरका कारण विश्वव्यापी आर्थिक परिदृश्यसम्बन्धी चिन्ताले चिनियाँ सामानहरूको माग कम गरिरहेको छ।

वाणिज्यमन्त्री वाङ वेन्ताओले बेइजिङमा आयोजित एक प्रमुख राजनीतिक भेलामा बुधवार हालैको पुनरुत्थान स्वीकार गर्दै ‘सुधारको समग्र प्रवृत्ति माथि उठिरहेको’ बताए।

तर उनले मार्चमा यसमा गिरावट आउन सक्ने चेतावनी दिएका छन्।

हालैका वर्षहरूमा वाशिङ्टनसँगको बढ्दो भूराजनीतिक तनावका कारण चीनको व्यापार प्रदर्शन प्रभावित बन्ने गरेको छ। यसले पश्चिमी फर्महरूलाई चीनमाथिको निर्भरता कम गर्न उत्प्रेरित गरेको छ।

डिसेम्बरमा ०.२ प्रतिशतले वृद्धि भएको आयात पनि जनवरी–फेब्रुअरीमा ३.५ प्रतिशतले बढेको छ।

ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले यो अवधिमा आयात २.० प्रतिशतले वृद्धि हुने अनुमान गरेका थिए।

यस अघि चीनले ११ महीनाका लागि आयातमा नियन्त्रण गर्दै मुद्रास्फीतिलाई थप भयावह बन्नबाट जोगाएपछि अक्टोबरदेखि निर्यात दर केही सम्हालिएको थियो।

सन् २०२३ मा चीन र रूसबीचको व्यापार उच्च बिन्दुमा पुगे पनि पहिलो दुई महीनामा रूसबाट हुने आयात कम बलियो बनेको थियो।

सन् २०२१ को अप्रिलयताको सबैभन्दा कमजोर प्रदर्शन गर्दै चीनका लागि रूसबाट हुने निर्यातमा ६.७ प्रतिशतले वृद्धि भएको छ। चीनको व्यापार अधिशेष पहिलो दुई महीनामा १२५.१ अर्ब अमेरिकी डलर रहेकोमा डिसेम्बरमा ७५.३ अर्ब डलर पुगेको छ। रासस

# विशेष दर्जा कटौतीपछि भारतीय प्रधानमन्त्रीको पहिलो कश्मीर भ्रमण

श्रीनगर (भारत), २४ फागुन/एएफपी

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१९ मा विवादित क्षेत्र कश्मीरको अर्ध स्वायत्तता खारेज गरेपछिको पहिलो भ्रमणका क्रममा बिहीवार भारत प्रशासित कश्मीरको मुख्य शहरमा र्‍याली गर्ने भएका छन्।

मोदी सरकारले मुस्लिम–बहुल क्षेत्र कश्मीरको विशेष संवैधानिक हैसियत खोस्दै पहिलेको राज्यलाई नयाँ दिल्लीबाट प्रत्यक्ष शासित दुई क्षेत्रमा विभाजित गरेको थियो। उक्त कदमलाई सम्पूर्ण भारतमा स्वागत गरियो। यसबाट बाक्लो सैन्यीकृत क्षेत्रमा धेरै मानिसलाई असन्तुष्ट बनायो। हिमाली क्षेत्र कश्मीरमा विद्रोहीहरूले सन् १९८९ देखि स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै विद्रोह गरेका छन्। पाकिस्तानले कश्मीर क्षेत्रको एउटा सानो भूभाग नियन्त्रणमा लिएको छ। भारतले भने सम्पूर्ण कश्मीरमाथि दाबी गर्छ।

हिन्दू राष्ट्रवादी नेता मोदीले दिउँसोतिर एउटा सार्वजनिक सभालाई सम्बोधन गर्ने कार्यक्रमका लागि हजारौं सशस्त्र प्रहरी र अर्धसैनिक बल परिचालित गरिएको छ भने कश्मीरको मुख्य शहर श्रीनगरमा नयाँ प्रहरी चौकीहरू स्थापना गरिएका छन्।

“विभिन्न विकास कार्य पनि राष्ट्रलाई समर्पित गरिनेछ”–भ्रमण अघि मोदीले सामाजिक सञ्जाल एक्समा भनेका छन्–“कृषि अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने र पर्यटन कार्यक्रम पनि समावेश छ।” मोदीले प्रतिष्ठित मुस्लिम तीर्थस्थल हजरतबल वरपरका पूर्वाधारको पनि उद्घाटन गर्ने सरकारी विज्ञप्तिमा जनाइएको छ।

यो भ्रमण मेमा हुने भारतको राष्ट्रिय निर्वाचन अघि हुँदैछ। यो भ्रमण यस क्षेत्रको स्वायत्तता गुमेपछिको पहिलोसमेत हो। कश्मीरमा अन्तिमपटक स्थानीय निर्वाचन सन् २०१४ मा भएको थियो।

नयाँ दिल्लीको कश्मीरमा प्रत्यक्ष शासनबाट उक्त क्षेत्रमा ‘शान्ति र विकास’ को नयाँ युग आएको मोदी सरकारले दाबी गरेको छ तर आलोचक तथा धेरै बासिन्दाले यसले नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा व्यापक कटौती गरेको बताएका छन्।

सुरक्षा बलहरूले बिहीवार सडकहरूका साथै श्रीनगर हुँदै बग्ने नदी किनारमा मोटरबोटहरूबाट गस्ती गरेका छन्। शहरका अधिकांश विद्यालय दिनभरका लागि बन्द गरिएका छन् र अधिकारीहरूले सरकारी कर्मचारीहरूलाई र्‍यालीमा उपस्थित हुन आह्वान गरेका छन्।

जम्मु–कश्मीरका पूर्वमुख्यमन्त्री उमर अब्दुल्लाले सरकामाथि र्‍यालीमा सहभागी हुनका लागि भीड बनाउन बसहरूको व्यवस्था गरेको आरोप लगाउँदै ‘लगभग कोही पनि’ स्वेच्छाले उपस्थित नहुने बताएका छन्। रासस

### सच्याइएको

यस दैनिकको २०८०/११/२४ गते बिहीवार पाँचौं पातामा प्रकाशित सिमरा नागरिक उड्डयन कार्यालयको बोलपत्र आह्वानसम्बन्धी सूचनामा **विमान सेवा शुल्क, नेपाल सरकार,** र **कारबाही** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। – विज्ञापन शाखा

### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – राज्यभय |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – शत्रुभय | कन्या – कार्यनाश |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – धनखति | मकर – सुयश |
| कुम्भ – खर्चवृद्धि | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# ‘उपहार अभिनेत्रीको चलचित्र हो’

काठमाडौं, २४ फागुन/रासस

चलचित्र ‘उपहार’मा मोफसलबाट काठमाडौं आएर सङ्घर्ष गर्नेको कथालाई महिला पात्रमार्फत चित्रण गरिएको निर्देशक ज्ञानेन्द्र देउजाले बताएका छन्। भोलि शुक्रवार (फागुन २५ गते)देखि प्रदर्शन गरिने उपहारको विषयमा जानकारी दिंदै उनले तीन महिला पात्रले चलचित्रलाई अगाडि बढाउने जानकारी दिए।

“मैले आफ्नो कथालाई महिला पात्रमार्फत भन्ने कोशिश गरेको छु। यो नारीप्रधान चलचित्र हो। हामीले पुरुष पात्रमार्फत कथा भन्ने एकै किसिमका चलचित्र दर्शकमाझ ल्याउनुहुन्न भन्ने लागेर नयाँ धार र सङ्घर्षको कथा ल्याएको हो,” निर्देशक देउजाले भने, “यो चलचित्र हेर्दा दर्शकले आफ्नै कथा महसूस गर्नुहुन्छ। उहाँहरूकै दुःख, भोगाइ र जीवनलाई चलचित्रमा ल्याउने प्रयास गरेको छु।”




उनले चलचित्रमार्फत नयाँ प्रतिभालाई अवसर दिएको जानकारी दिए। देउजाका अनुसार अभिनेता, गायक, गायिकाले पहिलोपटक चलचित्रमा काम गरेका छन्। उनले भने, “मैले अघिल्ला चलचित्रमा पनि नयाँ प्रतिभालाई दर्शकसम्म ल्याउने गरेको थिएँ। हामीले नयाँ र पुराना कलाकारलाई साथमा ल्याउनुपर्छ। यसले गर्दा चलचित्रलाई नयाँ अनुहार पनि प्राप्त हुन्छ।”

उनले अभिनेत्री रेखा थापासँग सात बढी चलचित्रमा काम गरेकाले सहकार्य सम्भव भएको बताए। अभिनेत्री थापाको निर्माण र अभिनय रहेको चलचित्र भएकाले पनि यसमा महिलाका मुद्दालाई उठाइएको देउजाको भनाइ छ।

“चलचित्रमा सामाजिक विषयवस्तुलाई मनोरञ्जनपूर्ण हिसाबले प्रस्तुत गरेका छौं। यहाँ समाज रूपान्तरणाका कुरादेखि समाजमा भइरहने घटनाक्रम पनि उठान गरेका छौं,” अभिनेत्री थापाले भनिन्, “मेरो चलचित्रले दर्शकलाई मनोरञ्जनसँगै सन्देश दिने गरेको छ। त्यही शैलीलाई निरन्तरता दिएकी छु।”

‘उपहार’ चलचित्रमा अभिनेत्री थापासँगै पूजा शर्मा, बेनिसा हमाल, मुकुल भुसाल, तेज गिरी, समर्पणजङ्ग कार्की, शिशिर राणा, सुषमा कार्की, विनोदकुमार पौडेललगायत कलाकारले अभिनय गरेका छन्।

रेखा फिल्मस् र कपनगढी सिनेमाको ब्यानरमा निर्माण भएको चलचित्र वितरण काठमाडौं उपत्यकामा करण श्रेष्ठ र उपत्यकाबाहिर एफडी कम्पनीले गर्नेछ।

# तीन स्रष्टालाई झपट पुरस्कार

काठमाडौं, २४ फागुन/रासस

झपट पुरस्कार व्यवस्था समितिले तीनजना स्रष्टालाई पुरस्कृत गर्ने भएको छ। समितिले बिहीवार प्रेस विज्ञप्ति जारी गर्दै नेपाली साहित्यको श्रीवृद्धिमा विशिष्ट योगदान दिएबापत अमरप्राज्ञ कञ्चन पुडासैनीलाई २०८० सालको ‘झपट पुरस्कार’ समर्पण गर्ने निर्णय गरेको हो।

त्यस्तै, समितिले योग शिक्षा तथा प्राकृतिक चिकित्साका क्षेत्रमा अहोरात्र समर्पित भई मानव स्वास्थ्यसेवाको संवर्द्धनमा उल्लेखनीय योगदान दिएबापत डा हरिप्रसाद पोखरेल ‘मानसाग्नि’लाई २०८० सालको ‘यज्ञ केशर पुरस्कार’ समर्पण गर्ने निर्णय गरेको छ। यी दुवै पुरस्कारको राशि जनही रु एक/एक लाख रहेको छ।

नेपाली कथा साहित्यका अमर स्रष्टा गुरुप्रसाद मैनालीका कथाको वक्रोक्ति शीर्षकमा विद्यावारिधि अनुसन्धान सम्पन्न गरी नेपाली समालोचनाका क्षेत्रमा विशिष्ट योगदान दिएबापत प्राडा ऋषिराम शर्मालाई २०८० सालको ‘सैनध्वज ननदकुमारी शोध पुरस्कार’ समर्पण गर्ने निर्णय भएको छ। जसको राशि रु ५० हजार रहेको छ।

# २० लाख बालबालिकाले दादुराको खोप लगाए

काठमाडौं, २४ फागुन/रासस

सरकारले सञ्चालन गरेको दादुरा–रुबेलाविरुद्ध खोप अभियानमा अहिलेसम्म करीब २० लाख बालबालिकाले खोप लगाइसकेका छन्।

बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार कुल ५७ लाख ४२ हजार ९९३ बालबालिकामध्ये प्रारम्भिक चरणमा अहिलेसम्म करीब २० लाखले खोप लगाएका हुन्।

उनका अनुसार ४४ जिल्लाको प्रारम्भिक प्रतिवेदन अनुसार करीब ३४ प्रतिशतले खोप लगाएका हुन्। ३१ जिल्लाले अझै रिपोर्ट बुझाएका छैनन्। “रिपोर्ट पठाएका ती जिल्लाले पनि कोहीले भर्खरै अभियान सञ्चालन गरेका छन्”–उनले भने–“हिमालका ११ जिल्लामा हिउँ परेकाले भर्खर मात्रै अभियान सञ्चालन गरेका छन्।”

उनका अनुसार हिउँका कारण मनाङ र मुस्ताङमा अझै खोप अभियान शुरू भएको छैन। दादुरा–रुबेला सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै यही फागुन १३ देखि आगामी चैत ७ गतेसम्म ७५ जिल्लामा खोप अभियान सञ्चालन गरिएको हो। भूकम्पले प्रभावित जिल्ला रूकुम पश्चिम र जाजरकोटमा यस अघि नै खोप लगाइसकिएको छ।

भारतसँग सीमा जोडिएका दादुरा–रुबेलाको अति सङ्क्रमित २१ जिल्ला र काठमाडौं उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महीनादेखि १५ वर्षमुनिका र ५१ जिल्लाका नौ महीनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप लगाइँदै छ। खोप बिहान १० देखि अपराह्न ४ बजेसम्म बालबालिकालाई विद्यालय तथा खोप केन्द्रमा लगाइँदै छ।

खोप अभियानका लागि देशभरि ४८,७९८ खोप केन्द्र रहेका छन्। यस्तै, ४९,९३७ स्वास्थ्यकर्मी र ५९,९०६ स्वयंसेवक परिचालन गरिएका छन्। शाखाका प्रमुख डा गौतमले खोप सुरक्षित र प्रभावकारी रहेको जनाउँदै यसले ८५ प्रतिशतलाई दादुरा–रुबेला रोगसँग लड्ने क्षमता विकास गर्ने बताए।

# जसपा सरकारमा सहभागी हुने

काठमाडौं, २४ फागुन/रासस

जनता समाजवादी पार्टी (जसपा) नेपाल सरकारमा जाने भएको छ।

बिहीवार बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले पार्टी अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा सरकारमा सहभागी हुने निर्णय भएको सो पार्टीका प्रवक्ता मनीषकुमार सुमनले जानकारी दिए। मन्त्रीको टुङ्गो लगाउने तथा कतिपय अन्य विषयमा निर्णय हुन भने बाँकी रहेको उनले बताए।

उनका अनुसार आजको बैठकले उपप्रधानमन्त्रीसहित अध्यक्ष यादवको नेतृत्वमा जसपा सरकारमा सहभागी हुने निर्णय गरेको हो।

# सरकारको प्रवक्तामा सञ्चारमन्त्री शर्मा

काठमाडौं, २४ फागुन/रासस

नेपाल सरकारको प्रवक्तामा सञ्चार तथा सूचना प्रविधिमन्त्री तोकिएका छन्। मन्त्रिपरिषद्को बिहीवारको बैठकले मन्त्री शर्मालाई सो जिम्मेवारी प्रदान गरेको हो। यस्तै, बैठकले संयुक्त राष्ट्रसङ्घको ‘कमिसन अन दी स्टाटस अफ वुमन’ को ६८औं सत्रमा भाग लिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीलाई स्वीकृति प्रदान गरेको छ।

आजको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नवनियुक्त उपप्रधानमन्त्री र मन्त्रीहरूलाई बधाई दिंदै सफल कार्यकालका लागि शुभकामना दिएका थिए।

बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री शर्माले आजभोलि नै सरकारले पूर्णता पाउने बताइन्। उनले सरकारले पूर्णता पाएसँगै प्रधानमन्त्रीले विश्वासको मत लिने जानकारी दिइन्।

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# पर्सागढीमा अन्तर्राष्ट्रिय महिला दिवस

प्रस, पर्सागढी, २४ फागुन/

युएसआइडी एडोलेसेन्ट रिप्रोडक्टिभ हेल्थ र पर्सागढी नगरपालिकाको आयोजनामा ११४औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको छ।

'महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी' नाराका साथ पर्सागढी नपाको सभाहलमा भएको कार्यक्रममा नगरप्रमुख गोकर्ण पाठकले पालिकाले गर्ने सबै कार्यक्रममा महिला सहभागिता बढाउँदै लगेको बताए। उनले महिलाहरूको क्षमता अभिवृद्धि कार्यक्रमलाई पनि मध्यनजर गर्दै अगाडि बढिरहेको बताए।

पुरुषले महिलालाई अपहेलना, भेदभाव गर्न नहुने उनले सुझाव दिए। उनले महिलाहरूको सम्मान गर्न जोड दिए।


तस्वीर: प्रतीक

नगरप्रमुख पाठकको अध्यक्षतामा भएको कार्यक्रममा प्रशिक्षक जय साहले प्रशिक्षण दिएका थिए। कार्यक्रममा उपप्रमुख पूजा चौधरी, जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी निरीक्षक मनीषा लौडारी, दिव्य विकास स्रोत केन्द्रका कार्यकारी संयोजक रमाकान्त पटेल, सुरेन्द्र चौरसिया, अकलेशप्रसाद साह, प्रियङ्का सुवेदी, स्वास्थ्य शाखा प्रमुख नारायण भट्टराई, महिला बालबालिका शाखाकी शोभा मल्लिक, पर्सागढी नपा अन्तर्गत रहेका बालक्लबका बालबालिका, महिलाहरूको सहभागिता थियो।

# ५१ जनाद्वारा रक्तदान

नितेश कर्ण, वीरगंज, २४ फागुन/

नेपाल विद्यार्थी सङ्घले ठाकुर राम बहुमुखी क्याम्पसमा आयोजना गरेको रक्तदान कार्यक्रममा चार जना महिलासहित ५१ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा राजकुमार यादव, इम्तियाज हुसैन, गुड्डु पटेल, राहुल पटेल, जितन यादव, अमित पटेल, मधु रानामगर, खुशीकुमारी साह, नागज्योति चौधरी, दीपेशकुमार यादव, पिन्टु बैठा, उवाइ मन्सुरी, रितेश पटेल, सुन्धु यादव, पङ्कज पटेल, तबरेज आलम, इरफान हुसैन, सुमितकुमार पटेल, सोनुकुमार प्रजापतिलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख शौरभराज पाण्डेले बताए।



तस्वीरः प्रतीक

नेविसङ्घका केन्द्रीय सदस्य मुनराज तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा नेकाका क्षेत्रीय सभापति अरविन्द गुप्ता, नेता वैकुण्ठ श्रीवास्तव, नेका पर्साका सभापति मणिन्द्रलाल नेपाली, क्याम्पस प्रमुख रञ्जीतप्रसाद यादव, कन्हैया झा, गीता श्रेष्ठ, बद्रीनारायण तिवारी, मनोहर साह, उमेश पटेल, सुरेन्द्र प्रजापतिलगायतको सहभागिता थियो।

# सिद्धेश्वर महादेव मन्दिरमा शिवरात्रि पर्व मनाउन उपसमिति गठन

प्रस, वीरगंज, २४ फागुन/

महाशिवरात्रि पर्वलाई भव्य तथा सभ्यरूपमा मनाउन सिद्धेश्वर संस्कृत माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले विभिन्न उपसमितिहरू गठन गरी कार्यविभाजन गरेको छ।

बारा, कलैया उपमहानगरपालिका–३ स्थित सिद्धेश्वरनाथ महादेव मन्दिरमा महाशिवरात्रि पर्वको अवसरमा शुक्रवार अखण्ड रुद्राभिषेक, रुद्री, चण्डीपाठ, हवन गरी मनाउन विभिन्न उपसमितिहरू गठन गरिएको छ।


तस्वीरः फाइल

अतिथि सत्कार उपसमितिमा मणिन्द्रनाथ शर्मा, मोहन साह कानु, छविरमण सुवेदी रहेका छन् भने पाठपूजा उपसमितिमा महेश्वर भण्डारी, शान्तिराम मिश्र, श्रीधर ढकाल रहेका छन्। यसैगरी, भान्सा व्यवस्थापन, मेला व्यवस्थापन, पगडी लेखन (बाँध्ने) उपसमिति, सरसफाइ उपसमिति, मेला स्वयंसेवक उपसमिति पनि गठन गरिएको छ।

**एमसिए ...**

यो सीमापार प्रसारण लाइन विद्युत् प्रसारण आयोजनाको महत्त्वपूर्ण अंश हो र यसले नेपालको आवश्यकता पूरा गर्न सीमापार विद्युत् व्यापारलाई सहजीकरण गर्नेछ। नयाँ बुटवल–गोरखपुर सीमापार प्रसारण लाइन निर्माण कार्यको व्यवस्थापन गर्ने वित्तीय तथा स्वामित्व संरचना सम्बन्धमा नेपाल सरकार तथा भारत सरकारबीच २०७६ असोजमा सहमति भएको थियो।

बाँकी २९७ किमी प्रसारण लाइनको सन्दर्भमा निर्धारित समयावधिभित्रै उक्त प्रसारण लाइनको निर्माण सम्पन्न गर्न डिजाइन–बिल्ड निर्माण कम्पनीको सेवा खरीदका लागि एमसिए–नेपालले काम अगाडि बढाइरहेको छ। एमसिए–नेपालले प्रसारण लाइन समयमै, बजेटभित्रै र नेपाल सरकार एवं एमसिसीको वातावरणीय तथा सामाजिक मापदण्ड अनुसार निर्माण हुने सुनिश्चित गर्न प्रतिबद्ध रहेको जनाएको छ।


## सुरक्षितरूपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्यरूपमा अभिमुखीकरण तालीम लिऔं,
- अनिवार्यरूपमा श्रम स्वीकृति लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जानुअघि घरपरिवारसँग सरसल्लाह गरौं,
- मानसिकरूपमा तयार होऔं र
- आफ्ना सबै कागजातको एक/एक प्रति घरपरिवारलाई छोडौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## मैत्रीपूर्ण 'टच रग्बी' खेल सम्पन्न

काठमाडौं, २४ फागुन/रासस

नेपाल महिला रग्बी कमिटीको आयोजनामा महिला पत्रकार र नेपाल महिला रग्बी खेलाडीबीच बिहीवार मैत्रीपूर्ण टच रग्बी खेल सम्पन्न भएको छ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित उक्त खेलमा विभिन्न सञ्चारमाध्यममा आबद्ध २५ जना महिला पत्रकार तथा आयोजक टोलीका २५ जना खेलाडीबीच शान्तिगरको फुटसल मैदानमा प्रतिस्पर्धा भएको थियो।

कमिटीकी महिला विभाग प्रमुख एलिसा थापाले अन्तर्राष्ट्रिय महिला दिवसको शुभकामना दिँदै रग्बी खेल अन्य खेलजस्तै दिन प्रतिदिन लोकप्रिय बन्दै गएको बताइन्। उनले स्वास्थ्यका लागि खेल महत्त्वपूर्ण भएकोले आगामी दिनमा पनि यस किसिमको प्रतियोगिताको आयोजना गरिने जानकारी दिइन्।

थापाले खेल क्षेत्रमा महिलालाई आकर्षित गराउँदै लगेमा समाजमा महिलामाथि हुने हत्या, हिंसा र बलात्कारजस्ता जघन्य घटना न्यूनीकरण हुन सक्ने धारणा व्यक्त गरिन्।

राष्ट्रिय खेलकूद परिषद्की बोर्ड सदस्य नन्दा बस्यालले महिलालाई सशक्तरूपमा अगाडि बढाउन सके समाजमा महिलामाथि हुने विभिन्न किसिमका हिंसा रोक्न सकिने बताइन्।

## एन्फा मकवानपुरलाई हराउँदै झापा–११ सेमीफाइनलमा

झापा, २४ फागुन/रासस

बिर्तामोडस्थित डोमालाल रङ्गशालामा जारी छैटौं झापा गोल्डकपमा झापा–११ फुटबल क्लब सेमिफाइनलमा प्रवेश गरेको छ। बिहीवार भएको क्वाटरफाइनल खेलमा एन्फा मकवानपुरलाई ५–१ गोलअन्तरले हराउँदै झापा–११ सेमिफाइनलमा प्रवेश गरेको हो।

खेल प्रारम्भ भएको २४औं मिनेटमा आदित्य शाक्यले पहिलो गोल गरेर झापालाई आग्रता दिलाए भने खेलको ६६औं मिनेटमा अर्को गोल थपियो। खेलको ८३औं मिनेटमा झापाका प्रदीप बुढाथोकीले तेस्रो गोल गरे।

यस्तै, खेलको अतिरिक्त समयमा झापाका लागि बबिन बोहोराले गोल गरेका थिए। अतिरिक्त समयमा नै झापाका लागि आशिष चापागाईले गोल गरेका थिए। झापाका लागि शाक्य, विदेशी खेलाडी हेरिसन, बुढाथोकी, बोहोरा र चापागाईले एक/एक गोल गरेका थिए।

खेलमा मकवानपुरले सान्त्वना एक गोल फर्कायो। खेलको ७९औं मिनेटमा मकवानपुरका ओस्कारले गोल गरे। अब पर्सि शनिवार झापा–११ चर्च ब्वाइजसँग भिड्नेछ। आजको खेलमा समिराज थोकर 'म्यान अफ दी म्याच' भए। उनले नगद रु ११ हजार प्राप्त गरे।

भोलिको खेल झापा गोल्डकप चारपटक जितेको त्रिभुवन आर्मी र एपिएफ फुटबल क्लबबीच हुनेछ। विभागीय टोली त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बलको एपिएफ एफसी, चर्च ब्वाइज र झापा ११ अन्तिम चारमा पुगेका छन्।

## महिला साफ यू–१६ : नेपाल प्रतियोगिताबाट बाहिरियो

काठमाडौं, २४ फागुन/रासस

नेपाल राजधानीमा जारी साफ यू–१६ महिला च्याम्पियनशिप–२०२४ बाट बाहिरिएको छ। लिग चरणको अन्तिम खेलमा भारतसँग पराजित भएसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको हो।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा बिहीवार भएको खेलमा भारतले नेपाललाई १०–० गोलअन्तरले पराजित गरेको हो। भारत प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। भारतले यसअघि पहिलो खेलमा भुटानलाई ७–० गोलअन्तरले पराजित गरेको थियो। दोस्रो खेलमा बङ्गलादेशसँग ३–१ गोलअन्तरको हार बेहोरेको थियो।

नेपाल पहिलो खेलमा बङ्गलादेशसँग २–० गोलअन्तरले पराजित भएको थियो। त्यस्तै, दोस्रो खेलमा भने नेपाल भुटानसँग ३–० गोलअन्तरले विजयी भएको थियो।

नेपालविरुद्धको आजको खेलमा भारतले पहिलो हाफमा छ गोल गरेको थियो। दोस्रो हाफमा भारतले थप चार गोल गऱ्यो। भारतका लागि पर्ल फर्नाण्डेस र गुर्लिन कौरले दुई/दुई गोल गरेका थिए। यस्तै, अनीता डुङडुङ, अनुष्का कुमारी, बिनोफिलिया शुलाई, रेआना र गुर्नाज कौरले एक/एक गोल गरे। नेपाली खेलाडीले एउटा आत्मघाती गोल गरेका थिए।

प्रतियोगिताको उपाधिका लागि भारत र बङ्गलादेशबीच प्रतिस्पर्धा हुनेछ। लिग चरणको अन्तिम खेलमा शुक्रवार भुटान र बङ्गलादेशबीच खेल हुनेछ।

# तीन महीने सिलाइकटाइ तालीम सम्पन्न

प्रस, वीरगंज, २४ फागुन/

वीरगंज महानगरपालिका–२१ लिपनीबिर्तामा बिहीवार तीन महीने सिलाइकटाइ तालीम समापन भएको छ।

तालीम समापन कार्यक्रममा वडाध्यक्ष राधाकृष्ण रौनियारले वडाका महिलाहरूलाई स्वरोजगार बनाउने उद्देश्यले तालीम आयोजना गरिएको बताए। उनले तालीम लिएका महिलाहरूलाई स्वरोजगार गर्न सुझाए। रोजगारमा लाग्ने महिलाहरूलाई वडा कार्यालयले सहयोग गर्ने उनले बताए।



तालीममा वडाका पाँचवटा टोल पटेलनगर, परवानीपुर, ताजपुर, कोइरियाटोला र सुखचैनाका ६० जना महिला सहभागी थिए।

डेभलपमेन्ट समाजका अध्यक्ष राहुल साहको अध्यक्षतामा भएको तालीम समापन कार्यक्रममा जवाहिर महतो कोइरी, बच्चा महतो तत्वा, रमेश कुशवाहा, कृष्णदास तत्वालगायतको सहभागिता थियो।

# श्याम महोत्सवमा शोभायात्रा

प्रस, वीरगंज, २४ फागुन/

श्यामबाबा महोत्सवको अवसरमा बिहीवार वीरगंजमा शोभायात्रा निकालिएको छ।

घण्टाघरबाट निकालिएको शोभा यात्रा नगरपरिक्रमापछि महावीर टिबडेवाला धर्मशालामा पुगेर समापन भएको थियो।

शोभायात्रामा नगरप्रमुख राजेशमान सिंह, सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्य, ग्रीन सिटीका प्रकाश खेतान, व्यवसायी सञ्जय अग्रवाल, धीरज दारुकालगायतको सहभागिता थियो।

# मधानी महोत्सव शुरू

प्रस, रौतहट, २४ फागुन/

रौतहटको मौलापुरमा मधानी विशेष पूजा शुरू भएको छ।



भगवान् शिव र पार्वतीको विवाहको रूपमा मनाइने मधानी महायज्ञको विशेष पूजा समारोहमा आचार्य शोभाकान्त झाले मन्त्रोचारण गरेका थिए।

बुधवारदेखि शुरू भएको महोत्सव शनिवार सम्पन्न हुनेछ। नगरप्रमुख रीनाकुमारी साहको अध्यक्षतामा भएको कार्यक्रममा सांसद रामचन्द्र मण्डललगायतको सहभागिता थियो। कार्यक्रममा विभिन्न शिव मण्डलीहरूले विशेष कला प्रस्तुत गरेका थिए।

# विव्यसको अध्यक्षमा कुर्मी


तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २४ फागुन/

नेपाल राष्ट्रिय विद्यापीठ मावि, श्रीपुरको विद्यालय व्यवस्थापन समिति गठन भएको छ। समितिको अध्यक्षमा सुन्दर कुर्मी सर्वसम्मत चयन भएका छन्।

समितिका सदस्यहरूमा श्रीराम महतो, विनोद महतो, सुगन्धीदेवी बैठा, भगवती साह, भगन्दीदेवी ठाकुरलगायत रहेका छन्।

विद्यालय व्यवस्थापन समितिका अन्य पदेन सदस्यहरूमा वडाध्यक्ष अजयकुमार चौरसिया, प्रधानाध्यापक अनिलकुमार बर्णवाल (सदस्य–सचिव)लगायत रहने व्यवस्था छ।